## गोडैता नगरपालिकाको

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Disaster Preparedness and Response Plan

गोडैता नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

२०७९

# **गोडैता नगरपालिकाको**
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

---

Disaster Preparedness and Response Plan





**दस्तावेज:** गोडैता नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९
**तयारी एवं सर्वाधिकार**: स्थानीय विपद् व्यवस्थापन समिति, गोडैता, सर्लाही
**आर्थिक सहयोग**: संयुक्त राष्ट्रसंघीय जनसङ्ख्या कोष
**समन्वय**: नेपाल रेडक्रस सोसाइटी

गोडैता नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोडैता, सर्लाही
मधेश प्रदेश, नेपाल

प.स. : ०७९/०८०

च.नं.

मितिः २०७९/११/१६

## धन्यवाद ज्ञापन

गोडैता नगरपालिका मधेश प्रदेशको सर्लाही जिल्लामा अवस्थित छ । मुलुकको सङ्घीय संरचना पछि स्थानीय सरकारको रूपमा जनताको विकासको तीव्र आकांक्षासँगै यस नगरपालिकामा पूर्वाधार विकास साथै अन्य विकास निर्माणका काम भइरहेको छ । तर प्राकृतिक रूपमै यो नगरपालिका बाढी, डुवान, भूकम्प, आगलागी, चटयाङ, हावाहुरी, शीतलहर, महामारी, सडक दुर्घटना जस्ता बहु-प्रकोपको जोखिममा रहेको र यस प्रकारका विपद्का घटनाबाट वर्षेनी क्षति हुने गरेको छ । जलवायु परिवर्तनको प्रभावले यस नगरपालिकाको विपद् जोखिम अझ बढाईरहेको छ । यो नगरपालिका तराई क्षेत्रमा रहेको र यो क्षेत्रमा वर्षेनी बाढी बाढी डुवान र कटानबाट धनजनको क्षति हुने गरेको छ । आगलागी र शीतलहरबाट पनि धेरै जनधनको क्षति हुने गरेको छ । यसरी गोडैता नगरपालिका बहु प्रकोपको जोखिममा रहेको छ ।

नेपालको संविधान, २०७२ ले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ । यसै आधारमा गोडैता नगरपालिकाले विपद्को प्रभावकारी प्रतिकार्य तथा त्यसको पर्याप्त पूर्वतयारीको लागि प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखाको आधारमा नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । गोडैता नगरपालिकाले विपद् व्यवस्थापन सम्बन्धी आफ्नै आन्तरिक श्रोत, विकास साझेदार संस्थाहरूको सहायता तथा निजी एवम् सामाजिक क्षेत्रसँगको साझेदारीमा यस योजनाको कार्यान्वयन हुनेछ । विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई सम्बन्धित विषय क्षेत्रगत योजना तथा कार्यक्रमहरूसँग समायोजना र एकिकरण गरी विपद् जोखिम सुसूचित विकासको अभ्यास मार्फत यस नगरपालिकाको उत्थानशीलता विकास गरिनेछ । यस योजनाको कार्यान्वयनबाट विपद् जोखिम न्यूनीकरण गर्दै विपद्का कारण हुने क्षति एवम् नोक्सानी घटाउन नगरपालिकालाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

गोडैता नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको निम्ति आर्थिक, प्राविधिक तथा विज्ञ सहयोग तथा सूचना संकलन, विश्लेषण र विभिन्न चरणको छलफल गरी योजना तयारीको लागि संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष, अस्ट्रेलियन एड तथा परामर्शदाताको रूपमा इन्भाइरोमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टरलाई धन्यवाद दिन चाहन्छु । यस योजना तर्जुमाको क्रममा छलफलको समन्वय गरी आवश्यक सूचना उपलब्ध गराउनुहुने सबै वडाका वडाध्यक्ष तथा वडा विपद् व्यवस्थापन समितिका सदस्यहरूको योगदान उल्लेखनीय छ । त्यसैगरी नगर स्तरीय छलफलको नेतृत्वदायी भूमिकाको लागि यस गोडैता नगरपालिकाका सबै विषयगत शाखाका कर्मचारी, विपद् व्यवस्थापन सम्पर्क व्यक्ति, सुरक्षा निकाय, नेपाल रेड क्रस तथा स्थानीय विकास साझेदार संस्था लगायत सबैलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

देवेन्द्र कुमार यादव
नगर प्रमुख

देवेन्द्र कुमार यादव
नगर प्रमुख

website : www.godaitamun.gov.np , Email : info@godaitamun.gov.np , godaitamunicipality@gmail.com
contact no. : 9854038382, 9861444827, 9851178068

**Nepal Red Cross Society**
Sarlahi District Chapter Malangwa

Main Road, Malangwa
Ph./Fax: 046-520195
E-mail: nrcssarlahi@gmail.com

Ref.No.:

## हार्दिक शुभकामना

मधेश प्रदेशको सर्लाही जिल्लामा अवस्थित गोडैता नगरपालिका बाढी, डुवान, भूकम्प, आगलागी, चट्याङ, हावाहुरी, शीतलहर, महामारी, सडक दुर्घटना जस्ता बहु-प्रकोपको जोखिममा रहेको जसका कारण हुने विपद्का घटनाबाट वर्षेनी क्षति हुने गरेको छ । जलवायु परिवर्तनको प्रभावले यस नगरपालिकाको विपद् जोखिम अझ बढाईरहेको छ । तराई क्षेत्रमा रहेको नगरपालिकामा मुख्यतया वर्षेनी बाढी डुवान र कटानबाट धनजनको क्षति हुने गरेको छ । आगलागी र शीतलहरबाट पनि धेरै जनधनको क्षति हुने गरेको छ । यसरी गोडैता नगरपालिका बहु प्रकोपको जोखिममा रहेको छ।

नेपालको संविधान, २०७२ ले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ । यसै आधारमा गोडैता नगरपालिकाले विपद्को प्रभावकारी प्रतिकार्य तथा त्यसको पर्याप्त पूर्वतयारीको लागि प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखाको आधारमा नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ ।विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई न्यूनीकरण गर्दै विपद्का कारण हुने क्षति एवम् नोक्सानी घटाउन सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु।

गोडैता नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको निम्ति आर्थिक, प्राविधिक तथा विज्ञ सहयोग तथा सूचना संकलन, विश्लेषण र विभिन्न चरणको छलफल गरी योजना तयारीको लागि संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष, अस्ट्रेलियन राजदुतावास र नेपाल रेडक्रस सोसाइटीलाई धन्यवाद दिन चाहन्छु।

यस योजना तर्जुमाको क्रममा छलफलमा सक्रिय रूपमा सहभागी भई योजना निर्माण गर्न सहयोग गर्ने मेयर,उपमेयर तथा सबै वडाध्यक्ष तथा वडा विपद् व्यवस्थापन समिति, विषयगत शाखाका कर्मचारी, विपद् व्यवस्थापन सम्पर्क व्यक्ति, सुरक्षा निकाय, नेपाल रेडक्रस तथा स्थानीय विकास साझेदार संस्था लगायत सबैलाई धन्यवाद तथा हार्दिक शुभकामना ब्यक्त गर्दछु।

नागेन्द्र प्रसाद चौधरी
सभापती
नेपाल रेडक्रस सोसाईटी
सर्लाही जिल्ला शाखा

# विषयसूची


परिच्छेद १: परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य ........ 8

१.१ पृष्ठभूमि ........ 8

१.२ योजनाको उद्देश्य ........ 9

१.३ योजनाको तर्जुमा प्रकृया ........ 9

*१.३.१ गोडैता नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको बैठक* ........ 10

*१.३.२ आधारभूत अध्ययन* ........ 10

*१.३.३ विषयगत क्षेत्रको बैठक* ........ 10

*१.३.४ कार्यशाला गोष्ठीको आयोजना* ........ 11

*१.३.५ योजनाको मस्यौदा तयारी* ........ 11

*१.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण* ........ 11

*१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी* ........ 11

१.४ योजनाका तर्जुमा एवम् कार्यान्वियनका आधारभूत मान्यता ........ 11

परिच्छेद २: नगरपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण ........ 13

२.१ गोडैता नगरपालिकाको संक्षिप्त परिचय ........ 13

*२.१.१ भौगोलिक तथा प्रशासनिक अवस्थिति* ........ 13

*२.१.२ हावापानी तथा भू-उपयोग* ........ 13

*२.१.३ जनसाङ्ख्यिक विवरण* ........ 15

२.२ विगतका विपद् एवं क्षति विश्लेषण ........ 15

*२.२.१ विपद्को ऐतिहासिक समयरेखा* ........ 15

२.३ प्रमुख प्रकोप तथा प्रकोप स्तरीकरण ........ 18

२.४ प्रकोप संकटासन्नता तथा जोखिम विश्लेषण ........ 18

२.५ सम्भाव्य प्रकोप क्षेत्र तथा विपद् जोखिम आकलन ........ 20

२.६ नगरपालिकाको कानूनी, नीतिगत एवं संस्थागत क्षमता विश्लेषण ........ 23

२.७ विषयगत क्षेत्रको गठन तथा कार्य जिम्मेवार ........ 25

*२.७.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र* ........ 26

*२.७.२ खाद्य, कृषि तथा जिविकोपार्जन विषयगत क्षेत्र* ........ 26

*२.७.३ प्राथमिक उपचार स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र* ........ 27

*२.७.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र* ........ 27

*२.७.५ आपत्काललीन आश्रय स्थल तथा गैर खाद्य सामग्री एवं बन्दोवस्ती विषयगत क्षेत्र* ........ 27

*२.७.६ आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र* ........ 28

*२.७.७ आपत्कालीन शिक्षा विषयगत क्षेत्र* ........ 28

*२.७.८ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र* ........ 28
**परिच्छेद ३: पूर्वतयारी तथा प्रतिकार्य योजना** ........ 30
**३.१ सामान्य पूर्वतयारी योजना** ........ 30
*३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना* ........ 30
*३.१.२ खाद्य, कृषि तथा जिविकोपार्जन क्षेत्रको सामान्य पूर्वतयारी योजना* ........ 32
*३.१.३ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना* ........ 32
*३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना* ........ 34
*३.१.५ आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना* ........ 35
*३.१.६ आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना* ... 35
*३.१.७ आपत्कालीन शिक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना* ........ 37
*३.१.८ पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना* ........ 38
**३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 38
*३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* ........ 39
*३.२.२ खाद्य, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* ........ 39
*३.२.३ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* ........ 40
*३.२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* ........ 40
*३.२.५ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* ........ 41
*३.२.६ आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* ........ 41
*३.२.७ आपत्कालीन शिक्षा विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* 42
*३.२.८ शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना* ........ 42
**३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना** ........ 42
**परिच्छेद ४ : बन्दोबस्तीका सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा** ........ 52

४.१ स्रोत साधनको विद्यमान उपलब्धता र आवश्यकता ........ 52
४.२ विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति ........ 55
४.३ क्षमता विकास रणनीति र योजना ........ 55
परिच्छेद ५: कार्यान्वयन अनुगमन तथा सिकाई योजना ........ 57
५.१ योजना कार्यान्वयन तथा स्रोत व्यवस्थापन ........ 57
५.२ अन्य निकायहरूसँगको समन्वय र सहकार्य ........ 58
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ........ 59
५.३.१ अनुगमन तथा मूल्याङ्कन समिति ........ 59
५.३.२ लक्ष्य र सूचकहरु ........ 59
५.३.३ अनुगमन, मूल्याङ्कन र परिमार्जन ........ 62
सन्दर्भ सामग्रीहरु ........ 63
अनुसूची -१ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ........ 64
अनुसूची २ : विषयगत क्षेत्रको विवरण ........ 65
अनुसूची ३ : सरोकारवाला निकायको पहिचान तालिका ........ 67
अनुसूची ४: स्थानीय तहमा कार्यरत स्वास्थ्य शाखा संयोजकहरु र सह संयोजकहरुको विवरण ........ 69
अनुसूची ५: पालिकामा संचालनमा रहेका एम्बुलेन्सहरुको सम्पर्क सूची ........ 69

# परिच्छेद १: परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्का कारणले हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रूपमा घटाउने, कृषि उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य, संरक्षण र शिक्षाका पूर्वाधार एवं सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दिगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो ।

अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४; विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले व्यस्वस्था गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय सरकारको अधिकार तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, २०७५; विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना', २०१८ -२०३० को लक्ष्य र मार्गदर्शनले निर्देश गरे अनुसार गोडैता नगरपालिकाको विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त एवम् प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न जरुरी छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट विश्व तथा नेपालमा विपद् जोखिमको अवस्थामा वर्षेनी बृद्धि भईरहेको छ । गोडैता नगरपालिका पनि यस प्रकारको विपद्को जोखिममा रहेको छ । यस नगरपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद् प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, अनुरूप यस नगरपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

यस गोडैता नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पाँचवटा परिच्छेदमा तयार गरिएको छ । पहिलो परिच्छेद योजनाको पृष्ठभूमि एवं परिचयको खण्ड हो । यस खण्डमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमि, उद्देश्य, योजना तर्जुमा प्रक्रिया एवं योजना निर्माण र कार्यान्वयनका आधारभूत मान्यता राखिएको छ । दोस्रो परिच्छेद नगरपालिकाको प्रकोप, संकटासन्नता एवं विपद् जोखिम तथा क्षमता विश्लेषणको खण्ड हो । यो खण्ड नगरपालिकाको सामान्य परिचयबाट शुरु हुन्छ । त्यसपछि विगतका विपद्का घटना र क्षतिको विश्लेषण गरिन्छ । यही विश्लेषणको आधारमा यस नगरपालिकाको प्रमुख विपद्हरूको पहिचान र स्तरीकरण गरिएको छ । त्यसैगरी नगरपालिकाको सामाजिक संकटासन्नता विश्लेषण गरी विपद्को उच्च जोखिममा रहेका समूहको आकलन गरिएको छ । प्रमुख प्रकोपहरूको संकटासन्नता, बारम्बारता एवं प्रभावका आधारमा जोखिम विश्लेषण गरी जोखिम स्तर निर्धारण गरिएको छ । त्यसपछि वडागत रूपमा प्रमुख प्रकोपहरूको सम्भावित प्रकोप क्षेत्र एवं विपद् जोखिम आकलन गरिएको छ । विपद्बाट प्रभावित हुनसक्ने घरधुरी तथा जनसंख्याको आधारमा विपद्को सम्भावित परिदृष्य अनुमान गरिएको छ । विपद् व्यवस्थापन सम्बन्धी स्थानीय सरकारलाई तोकिएको काम कर्तव्य र अधिकारको आधारमा उक्त अधिकार कार्यान्वयनको लागि नगरपालिकाको कानूनी नीतिगत एवं संस्थागत क्षमता विश्लेषण गरी वर्तमान अवस्था र आवश्यकताको लेखाजोखा पनि गरिएको छ । यस परिच्छेदको अन्त्यमा विपद् पूर्वतयारी एवं प्रतिकार्य र यस योजनाको कार्यान्वयनको लागि आठ वटा विषयगत क्षेत्रको गठन र कार्य जिम्मेवारी समेटिएको छ ।

परिच्छेद तीन विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्य योजनाको खण्ड हो । यसमा आठवटै विषयगत क्षेत्रको सामान्य पूर्वतयारी तथा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्ययोजनाका गतिविधिहरू राखिएको छ भने आठवटै विषयगत क्षेत्रको प्रतिकार्य योजना (कार्यविधि) पनि समेटिएको छ । यसैगरी परिच्छेद चारमा विपद् प्रतिकार्यका लागि

बन्दोबस्तीका सामग्रीहरूको उपलब्धता र आवश्यकताको लेखाजोखा गरी क्षमता विकासको कार्ययोजना तयार गरिएको छ । परिच्छेद पाँच योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन र परिमार्जनको खण्ड हो । यसमा योजना कार्यान्वयन रणनीति, अन्य निकायहरूसँगको समन्वय र सहकार्य एवं अनुगमन तथा मूल्याङ्कन समिति र अनुगमन तथा मूल्याङ्कनका सूचकहरू राखिएको छ ।

## १.२ योजनाको उद्देश्य

विपद्को समयमा प्रभावितहरूको जीवन रक्षा, सम्पत्ति तथा जनधनको सुरक्षा र संरक्षण गरी मानवीय संकटको सामना तथा प्रभावकारी प्रतिकार्य गर्न स्थानीय स्रोत साधन र प्रविधिको उपयोग गर्दै विपद् प्रभावित व्यक्ति तथा समुदायलाई उचित मानवीय सहायता सुनिश्चित गर्नु र प्रकोपको रोकथाम तथा विपद् जोखिम न्यूनीकरणका लागि नगरपालिकाको स्रोत साधन एवम् क्षमता वृद्धि गर्दै विपद् जोखिम व्यवस्थापन पद्धति, संरचना र प्रक्रियालाई प्रभावकारी र जवाफदेहीपूर्ण ढंगले परिचालन एवम् कार्यान्वयन गरी गोडैता नगरपालिकालाई उत्थानशील तथा सुरक्षित नगरको रूपमा विकास गर्न मद्दत गर्नु यस योजनाको प्रमुख उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- क) गोडैता नगरपालिकामा विपद्बाट हुनसक्ने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु ।
- ख) गोडैता नगरपालिकामा विषयगत क्षेत्रको गठन र परिचालन गरी विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई व्यवस्थित र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु ।
- ग) विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय साधन स्रोतको अधिकतम परिचालन गर्नु ।
- घ) विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च घटाउनु ।
- ङ) गोडैता नगरपालिकाका विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूसँगको समन्वय र सहकार्यमा नगरको विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्नु ।
- च) विषयगत क्षेत्रका आधारमा नगरको विपद् न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउँदै क्षेत्रगत तथा नियमित विकास कार्यक्रम मार्फत विपद् जोखिम न्यूनीकरणलाई निरन्तरता दिनु ।

## १.३ योजनाको तर्जुमा प्रकृया




गोडैता नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन, २०७६ ले तय गरेको विधि एवं प्रकिया बमोजिम तर्जुमा गरिएको हो । उक्त मार्गदर्शनले स्थानीय निकायको विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयगत क्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार यस गोडैता नगरपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा नेपाल रेडक्रसको साझेदारी तथा युएनफपिएको साझेदारी र आर्थिक तथा प्राविधिक सहयोग रहेको थियो ।

### १.३.१ गोडैता नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि गोडैता नगरपालिकाको विपद् व्यवस्थापन समितिले अभिमुखिकरण तथा तयारी बैठकको आयोजना गरेको थियो । यस तयारी बैठकले योजना तर्जुमा गर्न आठ वटा विषयक्षेत्रहरुको निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आकलन र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि स्थानीय निकायमा कार्यरत कर्मचारी तथा अनुभव प्राप्त विज्ञ समेत रहेको प्राविधिक कार्यसमूह गठन गरेको थियो । स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहित कार्यदिश प्रदान गरेको थियो । बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता प्रदान गर्ने विषयलाइ कार्यसमूहको जिम्मेवारीमा समावेश गर्ने निर्णय समेत गरेको थियो । यसरी पहिचान गरिएका सरोकारवाला निकायहरूको विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

### १.३.२ आधारभूत अध्ययन

योजना तर्जुमा प्राविधिक कार्यसमूहबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरू, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन र विश्लेषण गरिएको थियो । स्थानीय विपद् व्यवस्थापन समितिले पहिलो कार्यशाला आयोजना गर्नु अगावै आधारभूत अध्ययनको काम सुरु गरिएको थियो । योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियोः-

- विपद् व्यवस्थापन सम्बन्धी संघ र मधेश प्रदेशको नीति, ऐन, नियम तथा निर्देशिकाहरु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा रणनीतिक कार्ययोजना २०१८-२०३०,
- पछिल्लो पाँच वर्षको घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरु,
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, शीतलहर, आगलागी, महामारी, सडक दुर्घटना आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- जनसङ्ख्याको विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा नगरपालिकाको सिमाना देखिने नक्सा

### १.३.३ विषयगत क्षेत्रको बैठक

विषयगत क्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयगत क्षेत्रसँग सम्बन्धित स्रोतहरूको आकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरू सञ्चालन गरिएको थियो । विषयगत क्षेत्रको योजनाको प्रस्ताव तयार गर्न विषयगत क्षेत्रका समितिहरु गठन गरिएको थियो । विषयगत क्षेत्रका समितिहरुको बैठकबाट सम्बन्धित विषयगत क्षेत्रका पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरू पहिचान गरिएको थियो ।

### *१.३.४ कार्यशाला गोष्ठीको आयोजना*

विषयगत क्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशाला गोष्ठी आयोजना गर्नु अघि स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयगत क्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो । कार्यशालामा विषयगत क्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

२०७९ साल भाद्र २७ देखि २९ गते सम्म सञ्चालित कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयगत क्षेत्रका सदस्य, संघसंस्थाहरू साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञ कार्यसमूहले गरेको थियो ।

### *१.३.५ योजनाको मस्यौदा तयारी*

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयगत क्षेत्रहरूको छलफल र द्वितीय स्रोतबाट सङ्कलन गरिएका सूचनाहरू र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी गोडैता नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको थियो ।

### *१.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण*

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरिएका मुख्य क्रियाकलापहरु उपयुक्त भए नभएको र त्यस्तो क्रियाकलाप कार्यान्वयन गर्ने क्षमता गोडैता नगरपालिकाको तहमा उपलब्ध भए नभएको सुनिश्चित गर्न सरोकारवालाहरूको सहभागितामा छलफल समेत गरिएको थियो । यस्तो छलफलबाट प्राप्त भएका पृष्ठपोषणलाई पनि यस योजना तर्जुमाको क्रममा ध्यान दिइएको छ ।

### *१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी*

कार्यशाला गोष्ठीको तथा विभिन्न छलफल समेतबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, सङ्घ संस्था र विज्ञहरूको सुझाव लिइएको थियो । यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पूनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिइएको हो।

## १.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता

क) गोडैता नगरपालिका क्षेत्रमा गरिने विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका सबै गतिविधिहरू नगरपालिकाको नेतृत्वमा हुनेछन् ।

ख) विपद् प्रतिकार्य तथा पूर्वतयारी कार्यमा कहीँ कतै रिक्तता हुन नदिन र सन्तुलित कार्यान्वयनको लागि आठ वटा विषयगत क्षेत्र (Cluster) को प्रवन्ध गरिएको छ । यस नगरपालिकामा कार्यरत सबै सरोकारवाला निकायहरू तथा संघसंस्थाहरूले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरूमा सहयोग गर्नेछन् ।

ग) विपद् पूर्वतयारीको काम, विपद् एवम् महामारी प्रतिकार्य तथा मानवीय सहायताका लागि गरिने सहयोग एकद्वार नीति बमोजिम नगरपालिकाको स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार हुनेछ ।

घ) विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम विषयगत क्षेत्रको समन्वय तथा नगरपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सूचना व्यवस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकीकृत पद्धति अनुरूप हुनेछ ।

ङ) समुदाय, सामाजिक संस्था तथा सरकारी निकायहरूको विपद्  प्रतिकार्य क्षमता विकास गरी नगरपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।
च) विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।
छ) विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि तथा मानवीय सहायताका कार्यहरू सुशासनको मान्यता अनुरूप पारदर्शी, सहभागितामूलक र समावेशी हुनेछन् ।
ज) विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका गतिविधिहरू मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा र स्वीकार्य मापदण्डमा आधारित हुनेछन् ।
झ) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा समग्र विपद् महामारी नियन्त्रण र व्यवस्थापनमा उपलब्ध स्थानीय श्रोत तथा जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।
ञ) विपद् जोखिम न्यूनीकरण व्यवस्थापन तथा पूर्वतयारीका प्राथमिकता प्राप्त कार्यहरूलाई क्षेत्रगत विकासका नियमित गतिविधिहरूसँग एकीकृत गरी विकासमा मूल प्रवाहीकरण गर्दै नगरको उत्थानशीलता विकासमा सहयोग पुग्नेछ ।

# परिच्छेद २: नगरपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण

## २.१ गोडैता नगरपालिकाको संक्षिप्त परिचय

सर्लाही जिल्लाको दक्षिणी सिमानामा अवस्थित गोडैता नगरपालिका साविकका गोडैता, बहादुरपुर, बेल्वा जब्दी, भगवतीपुर, रोहुवा, रामवन, बगद, सिसौटिया र मधुवनी गा.वि.स.लाई समेटेर नगरपालिका बनाइएको हो । यस नगरपालिकामा १२ वटा वडा रहेका छन् ।

### *२.१.१ भौगोलिक तथा प्रशासनिक अवस्थिति*

| | | | |
|---|---|---|---|
| **पूर्व** | चक्रघट्टा गाउँपालिका, कौडेना नगरपालिका, विष्णु गाउँपालिका | **प्रदेश** | मधेश |
| **पश्चिम** | बरला नगरपालिका, रामनगर गाउँपालिका, धनकौल गाउँपालिका | **जिल्ला** | सर्लाही |
| **उत्तर** | बसबरिया गाउँपालिका | **नगरपालिका केन्द्र** | गोडैता बजार |
| **दक्षिण** | भारत | **वडाहरु** | १२ |
| **क्षेत्रफल** | ४८.६२ बर्ग किमि | **साविकका गाविसहरु** | |
| **उचाई** | समुन्द्र सतह देखि ८० मिटर | | गोडैता, बहादुरपुर, बेल्वा जब्दी, भगवतीपुर, रोहुवा, रामवन, बगदह, सिसौटिया र मधुवनी |

*तालिका २.१: गोडैता नगरपालिकाको भौगोलिक एवं प्रशासनिक विवरण*

### *२.१.२ हावापानी तथा भू-उपयोग*

| **भूउपयोगको प्रकार** | **क्षेत्रफल (हेक्टर)** | **प्रतिशत** |
|---|---|---|
| जल क्षेत्र | १८.१५ | ०.३७३ |
| वन क्षेत्र | २११.५९ | ४.३५४ |
| घाँसे मैदान क्षेत्र | ८.३६ | ०.१७२ |
| कृषि क्षेत्र | ४००४.४६ | ८२.४०२ |
| निर्माण/संरचना क्षेत्र | ६१७.०७ | १२.६९ |
| जम्मा क्षेत्रफल | ४८५९.६३ | १०० |

गोडैता नगरपालिका नेपालको तराईको उष्ण हावापानीको क्षेत्रमा अवस्थित छ । यहाँको वार्षिक औसत अधिकतम तापक्रम ४२ डिग्री सेल्सियससम्म पुग्ने र वार्षिक औसत न्यूनतम् तापक्रम ४ डिग्री सेल्सियस झर्ने गर्दछ । यस नगरपालिकाको भू-उपयोगको विवरण अनुसार कृषि क्षेत्रले सबै भन्दा बढी क्षेत्रफल (९९.३६%) ओगटेको देखिन्छ भने सबै भन्दा कम घाँसे मैदान क्षेत्र रहेको छ भने वन क्षेत्र यस नगरपालिकामा रहेको छैन । यस नगरपालिकाको भू-उपयोगको विस्तृत विवरण निम्न उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.२: गोडैता नगरपालिकाको भू-उपयोगको विवरण




***गोडैता नगरपालिकाको भू-उपयोग नक्सा***

### *२.१.३ जनसाङ्ख्यिक विवरण*

राष्ट्रिय जनगणना २०७८ अनुसार ९,३०३ घरधुरी रहेको गोडैता नगरपालिकामा २७,८४१ पुरुष जनसंख्या र २६,५०५ महिला जनसंख्या सहित जम्मा ५४,३४६ जनसंख्या रहेको छ । जसमा पुरुषको सङ्ख्या २३,१२८ र महिलाको संख्या २४,५५९ रहेको छ । यस नगरपालिकाको वडागत जनसंख्या तालिका २.३ मा दिइएको छ ।

तालिका २.३: गोडैता नगरपालिकाको वडागत जनसंख्या

| वडा नं | जनसंख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| १ | १,१०७ | १,२१५ | २,३२२ |
| २ | ३,५३५ | ३,६८५ | ७,२३० |
| ३ | २,५५७ | २,७८० | ५,३४७ |
| ४ | १,९४३ | १,९५२ | ३,८९५ |
| ५ | २,४९६ | २,५६३ | ५,०५९ |
| ६ | २,०४९ | २,१३८ | ४,१८७ |
| ७ | १,९०५ | १,९३९ | ३,७४४ |
| ८ | १,९३१ | १,९९१ | ३,९२२ |
| ९ | १,५९२ | १,६९७ | ३,२८९ |
| १० | २,३८६ | २,२२६ | ४,६१२ |
| ११ | २,८९१ | ३,०४१ | ५,९३२ |
| १२ | २,२५५ | २,४७६ | ४,७३१ |
| **जम्मा** | **२६,५०५** | **२७,८४१** | **५४,३४६** |

## २.२ विगतका विपद् एवं क्षति विश्लेषण

### *२.२.१ विपद्को ऐतिहासिक समयरेखा*

विपद्का दृष्टिकोणले गोडैता नगरपालिका संवेदनशील एवं बहुप्रकोपको जोखिममा रहेको छ । यस नगरपालिकामा विशेषतः बाढी, सडक दुर्घटना, खडेरी, आगलागी, पोखरीमा डुब्ने, महामारी, शीतलहर, चट्याङ, असिना पानी, सर्पदंश, हुरीवतास जस्ता प्रकोप वर्षेनी हुने गरेको छ । मनुसमारा, सोरम, लखनदेहि खोला ताथा साना नाला/खोल्सीका कारण नजिकका बस्ती तथा त्यस वरपर लगाईने गरेको कृषि बालीमा वर्षेनी नोक्सानी पुर्‍याउदै आएको छ । यस नगरपालिकामा रहेको खोला तथा खोल्सी र बेमौसमी वर्षा तथा अतिवृष्टिका कारण बाढी आउने र डुवान एवं कटानका घटनाहरू हुने र धनजनको क्षति हुने गरेको छ ।विपद्का कारण प्रजनन स्वास्थ्य लगायत अत्यावश्यक स्वास्थ्य सेवाहरु समेत अवरुद्ध हुने गरेको छ । केही स्थानमा बँदेल तथा निलगाई जस्ता वन्यजन्तुको प्रकोप छ । यस नगरपालिकामा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड -१९ का कारण मानवीय, सामाजिक तथा आर्थिक जनजीवन पूर्णरूपमा प्रभावित भएको थियो । साथै हालै मात्र महामारीको रूपमा फैलन सुरु गरेको डेंगीले समेत प्रभाव समुदायमा देखिएको छ । यस नगरपालिकामा विगतमा विभिन्न समयमा घटेका प्रकोपका घटनाहरुले निम्त्याएको अवस्थाको ऐतिहासिक समय रेखा, सोको प्रभाव, प्रभावित क्षेत्र र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तालिका २.४ मा प्रस्तुत गरिएको छ ।

तालिका २.४: विगतको विपद् एवं क्षतिको विवरण

| वडा नं | प्रकोप | मिति | स्थान | क्षतिको विवरण | प्रतिकार्यका प्रयास |
|---|---|---|---|---|---|
| १ | बाढी | २०७३ | बहादुरपुर | घरहरू क्षति | |
| | भूकम्प | २०७२ | बहादुरपुर | १ जना बेपत्ता | |
| | सर्पदंश | २०७९ असार | बहादुरपुर | ३ जनाको मृत्यु | |
| | हावाहुरी | २०७१ | बहादुरपुर | २५ घरको र १ विद्यालयको छाना उडाएको | |
| | महामारी | २०७६ माघ | बहादुरपुर | १ जनाको मृत्यु | क्वारेन्टाईन तथा होम आईसोलेसनको व्यवस्था गरेको |
| | खडेरी | २०७९ | बहादुरपुर | बालीनालीमा क्षति | |
| २ | बाढी | २०५० | बलेवा जब्दी | घर डुवानमा परेको साथै बाली नष्ट भएको | |
| | पोखरीमा डुब्ने | २०७७ | बलेवा जब्दी | २ जनाको मृत्यु | |
| | महामारी (कोरोना) | २०७६ माघ | बलेवा जब्दी | | क्वारेन्टाईन तथा होम आईसोलेसनको व्यवस्था गरेको |
| | सर्पदंश | २०७७ | बलेवा जब्दी | १ जनाको मृत्यु | |
| | आगलागी | २०७२ | बलेवा जब्दी | १ जनाको मृत्यु, कयौं घर जलेको | |
| ३ | बाढी | २०५० असार | भगवतीपुर | १० जनाको मृत्यु, खेतीयोग्य जमिनको क्षति, घर बगाएको | स्थानीय बासिन्दाले खोज उद्धार गरेको |
| | भूकम्प | २०७२ बैशाख | भगवतीपुर | ४ जनाको मृत्यु | |
| | महामारी (COVID -19) | २०७६ | | | क्वारेन्टाईन तथा होम आईसोलेसनको व्यवस्था गरेको |
| ४ | भूकम्प | २०४५ र २०७२ | रोहुवा | ४+२ जनाको मृत्यु | |
| | बाढी | २०५० | रोहुवा | १५ घर बगाएको | |
| ५ | बाढी | २०७४ साउन | रामवन | घरपालुवा पशुपंक्षी मारिएको, घर डुवानमा परी खाद्यान्न, लत्ता कपडामा क्षति | |
| | हुरीवतास | २०७२असार १ र २ गते | रामवन | बाली क्षति, मानिस घाइते भएको, घरको छाना उडाएको | |
| | महामारी (COVID 19) | २०७७ | रामवन | मानिसको मृत्यु | |
| ६ | आगलागी | २०७७ कार्तिक | बगदह | दुई तले काठको घर जलेर नष्ट भएको | |
| | बाढी | २०७७ साउन | बगदह | घरहरु बगाएको, भत्काएको, पोखरी पुरिएको | |
| | सडक दुर्घटना | २०७६ | बगदह | १ जनाको मोटरसाईकल दुर्घटनामा मृत्यु भएको | |
| | भूकम्प | २०७२ | बगदह | विद्यालयको पर्खाल भत्किएको, घरमा क्षति भएको | |
| | हावाहुरी | २०७४ | बगदह | छाना उडाएको | |
| | सर्पदंश | २०७७ | बगदह | १ मानिसको मृत्यु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पोखरीमा डुब्ने | २०७७ | बगदह | ३ मानिसको मृत्यु | |
| ७ | बाढी | २०५० श्रावण | वडा ७ | ५ जनाको मृत्यु, घर भत्केको, सडक कटान, महामारी फैलिएको (हैजा), पानीको समस्या | |
| | आगजनी | २०५६ फागुन | वडा ७ | १ जनाको मृत्यु, घर जलेर नष्ट भएको, खानेपानीको अभाव | |
| | सर्पदंश | २०६० बैशाख | वडा ७ | १ जनाको मृत्यु | |
| | डुबेर मृत्यु | २०५८ असार, २०७९ बैशाख | | २ जनाको मृत्यु | |
| | भूकम्प | २०७२ बैशाख | | घरहरु भत्केको | |
| | शितलहर | प्रत्येक साल जाडोयाममा | | बालीनाली नष्ट, रूघाखोकीको समस्या | |
| ८ | बाढी | २०५० श्रावण | गोडैता ८ | ६ जनाको मृत्यु, केही घर बगाएको | |
| | आगलागी | २०५६ चैत्र | गोडैता ८ | २ जना मानिसको मृत्यु | |
| | सर्पदंश | २०६० जेठ | गोडैता ८ | ३ जना मानिसको मृत्यु | |
| | भुकम्प | २०७२ | गोडैता ८ | घर, विद्यालय भत्केको | |
| | पोखरीमा डुब्ने | २०५९ देखि २०७२ साल सम्म | गोडैता ८ | ४ जनाको मृत्यु | |
| | सडक दुर्घटना | २०७५ देखि २०७९ साल सम्म | गोडैता ८ | ४ जना मानिसको मोटरसाईकल दुर्घटनामा मृत्यु भएको र ६ जना घाईते भएको | |
| | तातो हावा | | गोडैता ८ | | |
| ९ | बाढी | २०५०,२०७८ | बकैनिया | १५ वटा घर बगाएको, १ वटा पूल बगाएको | |
| | आगलागी | २०५२ बैशाख | बकैनिया | १० वटा खरको घर जलेर नष्ट भएको | |
| | हुरी वतास | २०५३ जेष्ठ | बकैनिया | १५ वटा घरको छाना उडाएको | |
| | असिना | २०७३ चैत्र | बकैनिया | १ भैसी मरेको | |
| | तातो हावा | २०५९ | बकैनिया | बालीनाली सुकेर गएको | |
| १० | बाढी | २०५०, ,२०७९ २०७६ | गोडैता १० | १ जनाको मृत्यु | |
| | आगलागी | २०७९ बैशाख | गोडैता १० | | |
| | सर्पदंश | २०७ बैशाख | गोडैता १० | १ मानिसको मृत्यु | |
| | शीतलहर | २०७५ | गोडैता १० | १ नवजात शिशु र १ वृद्धको मृत्यु | |
| ११ | बाढी | २०५० भदौ | सिसौटिया | ७ जनाको मृत्यु, सडक, नालामा क्षति | |
| | भूकम्प | २०७२ बैशाख | सिसौटिया | मानिस, चौपायाको मृत्यु भएको, केही घरमा क्षति | |
| | महामारी (COVID 19) | २०७७ | सिसौटिया | मानिसको मृत्यु | |

| | | | | | |
|---|---|---|---|---|---|
| **१२** | बाढी | २०५० | मधुवनी | १ जनाको मृत्यु, पुल भत्काएको | |
| | माहमारी (COVID 19) | २०७७ | मधुवनी | २७ जनाको मृत्यु | क्वारेन्टाईन तथा होम आईसोलेसनको व्यवस्था गरेको |
| | हुरीवतास | २०७२ | मधुवनी | वाली को नोक्सानी, चोटपटक लागेको, घरको छाना उडाएको | |
| | आगलागी | २०३८ | मधुवनी | ६ जको मृत्यु, केही घाईते | |

*स्रोतः नगरको सङ्कटसन्नता जोखिम तथा क्षमता लेखाजोखा, २०७९*

यस नगरापालिकामा विगत ३० वर्षमा घटेका विभिन्न प्रकारका प्रकोपका घटनाहरु तथा तिनले गरेका क्षतिको विवरणको विश्लेषण गर्दा बाढीको बारम्बारता धेरै देखिन्छ भने सडक दुर्घटनाको घटना मासिक रूपमा ४/५ वटा सम्म हुने गरेका छन् । त्यस्तै शीतलहर र खडेरीको कारणले कृषि बालीमा नराम्रो प्रभाव देखिएको छ । हावाहुरीको कारणले वार्षिक रूपमा भौतिक संरचना एवं धनजनको क्षति हुने गरेको छ । खुल्ला पोखरीका कारण बालबालिकाहरु डुबेर हुने मृत्युको घटना पनि उल्लेख्य मात्रामा रहेको छ । सर्पदंशका घटनाहरु पनि हुने गरेका छन् । विश्वव्यापी फैलिएको कोभिड-१९ महामारीबाट पनि यो नगरपालिका अछुतो रहन सकेन र यसका कारण मानवीय क्षति भएको छ । यस नगरपालिका हुनेगरेको बाढी, डुवान एवं कटानका कारण मानवीय क्षति, भौतिक संरचनाको क्षति, कृषियोग्य जमिन तथा पशुचौपायको क्षतिहुने गरेको छ । यसका साथै कोभिड -१९ महामारीका कारणका हालसम्म यस नगरपालिका भित्र २८ जनाको मृत्यु भईसकेको छ भने २१५ जना भन्दा बढी संक्रमित भईसकेका छन् । २०७९ मङ्सिर मसान्त सम्ममा ९५ प्रतिशतले दुवै मात्रा खोप पाइसकेका छन् भने ४० प्रतिशतले बुस्टर डोज समेत पाईसकेका छन् । समग्रमा गोडैता नगरपालिका बहुप्रकोपको उच्च जोखिममा रहेको छ । यस प्रकारका प्रकोपका घटनाहरु वर्षेनी बढिरहेका छन् र विपद्का कारण हुने क्षति समेत बढ्दै गईरहेको छ ।

## २.३ प्रमुख प्रकोप तथा प्रकोप स्तरीकरण

गोडैता नगरपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा बाढी, सवारी दुर्घटना, शीतलहर, हावाहुरी, आगलागी, महामारी (कोरोना, डेंगु), असिना पानी, खडेरी, चट्याङ्ग, पोखरीमा डुबेर मृत्यु, भूकम्प आदि पर्दछन् । यस नगरपालिकाको विपद् जोखिम प्रोफाइल तयार गरिएको छैन र पालिका क्षेत्र भित्र घटेका विपद्को घटनाको व्यवस्थित तथ्यांक राख्ने गरिएको छैन यद्यपि स्थानीयसँगको छलफल, नगरपालिका स्तरमा गरिएको छलफल, गृह मन्त्रालयको विपद् पोर्टलमा उपलब्ध भएका तथ्यांक तथा सूचनाहरुको आधारमा रहेर नगरपालिकाको प्रकोप स्तरीकरण गरिएको छ ।

| स्तर | प्रकोप |
|---|---|
| १ | भूकम्प |
| २ | बाढी |
| ३ | सवारी दुर्घटना |
| ४ | महामारी (कोरोना, डेंगु) |
| ५ | शीतलहर |
| ६ | हुरीवतास |
| ७ | आगलागी |
| ८ | सर्पदंश |
| ९ | पोखरीमा डुबेर मृत्यु |
| १० | खडेरी |
| ११ | चट्याङ् |
| १२ | असिना पानी |
| १३ | वन्यजन्तु आतङ्क |

## २.४ प्रकोप संकटासन्नता तथा जोखिम विश्लेषण

यस गोडैता नगरपालिकाका विभिन्न स्थानमा घटेका विपद्का घटना र त्यसको असर साथै स्थानीय निकायको मौजुदा अवस्था, श्रोत साधन र जनशक्ति सबैलाई आधार मान्ने हो भने यो नगरपालिका बाढी, आगलागी, हावाहुरी, शीतलहर, खडेरी आदि लगायतका बहुप्रकोपको उच्च जोखिममा छ । तसर्थ यस नगरपालिकाले

सम्भाभित प्रकोपको आकलनलाई निरन्तर पुनरावलोकन गर्दै योजना निर्माण तथा लागु गर्न ध्यान दिनु आवश्यक छ ।

तालिका २.५: विगतको विपद् एवं क्षतिको विवरण

| प्रकोप | संकटासन्नता | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|
| **भूकम्प** | • सिंगो हिमालय क्षेत्र नै उच्च जोखिममा रहेको<br>• भौगर्भिक चिराहरू नजिकै रहेको<br>• भवन संरचनाहरू कमजोर रहेको<br>• वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या उल्लेख्य रहेको | उच्च | मध्यम | मध्यम | मध्यम |
| **बाढी** | • जलवायु परिवर्तनको असर वर्षाको फेरिँदो स्वरूप<br>• माथिल्लो जलाधार क्षेत्रमा जाने पहिरो<br>• बाढीको जोखिमयुक्त ठाउँमा बसेको बस्ती<br>• विकास निर्माणका कामले बढाएको जोखिम<br>• वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या | उच्च | उच्च | उच्च | **उच्च** |
| **सडक दुर्घटना** | • सडकको कमजोर गुणस्तर<br>• बढ्दै गएको सवारी साधनको सङ्ख्या<br>• सडक सुरक्षा सम्बन्धी कमजोर बुझाई<br>• सडक सुरक्षामा हेलचेक्राई<br>• दर्ता नभएका सवारी साधनहरू बाहुल्यता<br>• हेलमेट नलागाई मोटरसाईकल चलाउने प्रवृती | मध्यम | उच्च | मध्यम | **मध्यम** |
| **महामारी** | • सङक्रमण दर उच्च रहेको<br>• कमजोर स्वास्थ्य पूर्वाधार र तयारी र सावधानीका उपयहरुको कमजोर पालना<br>• जनचेतनाको कमी<br>• उच्च जोखिम समूहमा रहेको जनसङ्ख्या<br>• सामाजिक आर्थिक संकटसन्नता | उच्च | मध्यम | मध्यम | **मध्यम** |
| **शीतलहर** | • सामाजिक आर्थिक संकटसन्नता<br>• कमजोर आर्थिक अवस्था<br>• जलवायु परिवर्तनको असर | उच्च | उच्च | उच्च | **उच्च** |
| **हुरीवतास** | • जलवायुमा आएको परिवर्तन<br>• कमजोर सामाजिक आर्थिक अवस्था<br>• जनचेतनाको स्तर | मध्यम | मध्यम | उच्च | **मध्यम** |
| **आगलागी** | • कच्ची एवं फुसका घर र बाक्लो बस्ती<br>• विद्युतीकरणमा कम गुणस्तरीय सामग्रीहरूको प्रयोग र विद्युत सर्ट भएर हुने बढ्दो घटना<br>• सामाजिक आर्थिक संकटसन्नता<br>• कमजोर आर्थिक अवस्था<br>• बढ्दै गएको सुख्खा मौसम<br>• जनचेतनाको कमजोर अवस्था | उच्च | उच्च | मध्यम | **उच्च** |
| **खडेरी** | • जलवायु परिवर्तनको असर<br>• सिंचाई सुविधा र पहुँचको सिमितता<br>• कमजोर सामाजिक आर्थिक अवस्था | मध्यम | मध्यम | उच्च | **मध्यम** |
| **पोखरीमा डुबेर मृत्यु** | • खुल्ला रूपमा पोखरीहरु अवस्थित<br>• उचित सुरक्षा प्रवन्धको कमी | उच्च | मध्यम | मध्यम | **मध्यम** |
| **सर्पदंश** | • वर्षा याममा विषालु सर्पहरु निस्कने<br>• सावधानीका उपायहरूको कमजोर पालना | उच्च | मध्यम | मध्यम | **मध्यम** |
| **चट्याङ** | • जलवायुमा आएको परिवर्तन | मध्यम | मध्यम | मध्यम | **मध्यम** |

| प्रकोप | संकटासन्नता | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|
| | • शहरीकरण र विद्युतीकरणको विस्तार<br>• राम्ररी अर्थिङ नगरिनु<br>• कम गुणस्तरीय विद्युतीय सामानहरूको प्रयोग<br>• जनचेतनाको कमी | | | | |
| **असिना** | • जलवायु परिवर्तनको प्रभाव तथा असर<br>• कमजोर सामाजिक आर्थिक अवस्था<br>• असिनाबाट क्षति हुने प्रकारको खेती पद्धति | मध्यम | मध्यम | उच्च | **मध्यम** |
| **वन्यजन्तु प्रकोप** | • वन्यजन्तुको बासस्थानमा अतिक्रमण<br>• वन्यजन्तुको र छाडा पशुहरूको बढ्दो संङ्ख्या | उच्च | उच्च | मध्यम | **मध्यम** |

*श्रोतः गोडैता नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७९*

*नोटः गोडैता नगरपालिकाको प्रकोप संकटासन्नता तथा विपद् जोखिम विश्लेषण नगरको संकटासन्नता तथा क्षमता लेखाजोखाको क्रममा कुनै पनि प्रकोपको विद्यमान संकटसन्नता, सम्मुखता, बारम्बार दोरोरिने सम्भावना, प्रकोप आएको खण्डमा त्यसबाट पर्नसक्ने प्रभावको आधारमा समूहमा छलफल गरी जोखिमस्तर निर्धारण गरिएको हो ।*

## २.५ सम्भाव्य प्रकोप क्षेत्र तथा विपद् जोखिम आकलन

गोडैता नगरपालिकाको प्रकोप जोखिम विश्लेशण तथा प्रभाव मूल्याङ्कन गर्दा सबै वडाहरु कुनै न कुनै प्रकोपबाट प्रभावित रहेका छन् । समग्ररूपमा यस नगरपालिकाको सम्भाव्य प्रकोप तथा प्रभाव क्षेत्र पहिचान गरेर वडागत रूपमा तालिका नं २ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६: सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

| वडा नं | प्रकोप | उच्च जोखिममा रहेको बस्ती | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेको घरधुरी | जोखिममा रहेको जनसङ्ख्या |
|---|---|---|---|---|---|
| १ | बाढी | बहादुरपुर | घर, नवयुवक आधारभूत विद्यालय, खानेपानी पाइप, विद्युत पोल - ५ | कच्चि घर - ३०, पक्की घर - २० | ३५० |
| | खडेरी | बहादुरपुर | बाली - धानखेती १५ बिगाह, उखु खेती १० बिगहा | १५० घरधुरी, खनेपानीको कमी | |
| | हावाहुरी | बहादुरपुर | विद्यालयको छाना, | २०० | ५०० |
| | आगलागी | बहादुरपुर | १ विद्यालय | ३० | ७० |
| २ | बाढी | बलेवा जब्दी | खेती - २०० बिहागा | ५० | ३०० |
| | आगलागी | | | ५ | |
| | पोखरीमा डुब्ने | | | | ३०० |
| | सर्पदंश | | | | ३०० |
| ३ | बाढी | सिमरा, भगवतीपुर, यादव टोल, पासवानटोल, चमारटोल, नुनिया टोल, महतोटोल | सिमराटोलको प्रा.बि., बिवाह मण्डप, सोरम खोलाको बाटो, रोगुवा जाने बाटो, ४० बिगाहा खेत | ३५० | ९०० (१५० एकल, १०० अपाङ्ग, २०० बालबालिका) |
| | आगलागी | सिमराटोलको सेरहा मठ | | | |

| वडा नं | प्रकोप | उच्च जोखिममा रहेको बस्ती | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेको घरधुरी | जोखिममा रहेको जनसङ्ख्या |
|---|---|---|---|---|---|
| ४ | हावाहुरी | खैरवा, बौहर्वा, बिर्ताटोल, रोहुवा, मधुवनी | घर, विद्यालय | १०० | |
| | आगलागी | सिसौटा, खैर्वा, वौहर्वा | काठको घर | २० | |
| | सडक दुर्घटना | रोहुवा, सिसौटा, डुमरीया, नहर हाईवे | | महिनाको ५ | |
| ५ | आगलागी | रामवन | शंकरजीको मन्दीर धाराटोल | | ५० (३० महिला,२० पुरुष) |
| | बाढी | रामवन | नहर देखी पोखरी | | |
| | महामारी | रामवन | | | वडाका सबै |
| | सडक दुर्घटना | रामवन | हुलाकी राजमार्ग | | |
| ६ | बाढी | चमटोली, तल्माटोली | पुल, बगदह स्वास्थ्य चौकी, ३० बिगाहा खेतीयोग्य जग्गा | १२५ | ५०० |
| | सडक दुर्घटना | गोडैता र बगदको सिमाना, कुशहवा चोक, रामजानकी मठ चोक | | ५०० | ४००० |
| | हावाहुरी | कुर्मी टोल, चहटौली तत्माटोली | रामजानकी आधारभूत विद्यालय | ३१५ | १५७५ |
| | आगलागी | दुसाद टोल, मठटोल, | | ६० | ३२५ |
| | सर्पदंश | राबनजानर बस्ती, जयपुर बाटो जाने बस्ती | | १११ | ५७५ |
| | महामारी | बगदहको पुरै बस्ती | | ६२५ | ३५७५ |
| ७ | बाढी | बडा ७ पुरै | जानकीनगर प्रा.वि., पुल, १०० बिगाहा जमिन | २०० | ६०० |
| | पोखरीमा डुवेर मृत्यु | बर्थिङ सेन्टर नजिक | | २० | १०० |
| | शीतलहर | वडाको सम्पूर्ण खेतीयोग्य जमिन | जग्गा, बालीनाली | २०० | ५०० |
| | सर्पदंश | बानियाँटोली | | २ | २० |
| | आगलागी | पासवान टोल | | ५० | २५० |
| ८ | बाढी | मुसलमान टोल | | | |
| | पोखरीमा डुब्ने | बनिया मठ नजिक | | १०० | ६०० |
| | शीतलहर | वडाको सम्पूर्ण खेतीयोग्य जमिन | | १०० | ६०० |

| वडा नं | प्रकोप | उच्च जोखिममा रहेको बस्ती | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेको घरधुरी | जोखिममा रहेको जनसङ्ख्या |
|---|---|---|---|---|---|
| | सर्पदंश | मुसलमान टोल | | ७ | ३० |
| | आगलागी | मुसलमान टोल | | ७ | ३० |
| | सवारी दुर्घटना | पाठशाला देखी मोहनचोक सम्म | | ४० | |
| ९ | बाढी | पुरानो वडा ३ र चार | खरको छाप्रो भएको घर | १७० | १५०० |
| | आगलागी | पुरै वडा | घर | २५० | ५००० |
| | तातोहावा | पुरै वडा | घर | २५० | ५००० |
| | हावाहुरी | पुरै वडा | घर | २५० | ५००० |
| १० | बाढी | सिसौटिया | प्राथमिक स्वास्थ्य चौकी, हरि नारायण मा.वि., २० बिगाहा खेत | १०० | १००० |
| | सडक दुर्घटना | सिसौटिया (नयाँ पिच भएको बाटो) | | | २५० |
| | हावाहुरी | सिसौटिया | विजुलीको खम्बा | १०९ | ५२५ |
| | पोखरीमा डुब्ने | सिसौटिया | | १०० | ५० |
| ११ | बाढी | माधवपुर | घर, १ बिद्यालय, | २१० | १७०० |
| | महामारी | सिसौटिया | घर | १०० | ७०० |
| | सडक दुर्घटना | सिसौटिया नहर गोडैता जाने बाटो | | | ८५० |
| | हावाहुरी | सिसौटिया | घर | १०० | ७०० |
| १२ | बाढी | मधुवनी | बैजनाथ मा.वि., घर, | ७२ | २०० |
| | हावाहुरी | मधुवनी | बालीनाली, ५० बिगाहा जमिन | १०० | |
| | सडक दुर्घटना | मधुवनी हाईवे | | | महिनाको २५ जना |
| | आगलागी | मधुवनी | पुरै वडा | | |
| | महामारी (कोरोना) | मधुवनी | पुरै वडा | | |

श्रोतः गोडैता नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७९

गोडैता नगरपालिकाको बहुप्रकोपको अवस्थालाई हेर्दा भूकम्प, बाढी, शीतलहर, वन्यजन्तु आक्रमण, आगलागी, महामारी, सडक दुर्घटनाको र हावाहुरीको उच्च जोखिम देखिन्छ । नगरपालिकामा गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्रत्येक वर्ष दोहोरिरहने बाढीबाट मात्र यस नगरपालिकाका १,२०० भन्दा बढी घरधुरी जोखिममा रहेको देखिएको छ भने ७,००० जनसङ्ख्यालाई प्रभाव पर्न सक्ने देखिएको छ । मानवीय क्षति धेरै नभएपनि शीतलहरले वर्षेनी ठूलो मात्रामा कृषि क्षेत्रमा असर गर्दछ । सिंगो नेपाल नै उच्च भूकम्पीय जोखिममा रहेकोले जुनसुकै बेला ठूलो भूकम्प जान सक्ने अनुमान गरिएको अवस्थामा भूकम्पको प्रभाव अन्य भन्दा धेरै व्यापक हुनसक्छ, भने कोभिडजस्ता महामारीजन्य विपद्को प्रभाव अझ धेरै विस्तार हुनसक्ने देखिन्छ । विपद्बाट यस नगरपालिकाको लगभग १५ प्रतिशत जनसङ्ख्या प्रभावित हुनसक्ने अनुमान गरिएको छ । यही आकलनका आधारमा संवेदनशील तथा जोखिममा रहेको समूहको अनुमानित जनसङ्ख्या अनुमान गरिएको छ । यो क्षेत्र बहुप्रकोपको जोखिममा रहेकोले बाढी, भूकम्प र आगलागी जस्ता बहुप्रकोप सँगै भएको खण्डमा यसको प्रभाव र यसबाट हुने क्षति भयावह हुनसक्छ । यसकारण पूर्वतयारी योजना तयार गर्दा यस प्रकारको खराब परिदृष्यलाई समेत ख्याल गरिएको छ भने प्रतिकार्यका क्रममा उक्त संवेदनशील समूहमा रहेको जनसङ्ख्यालाई प्राथमिकतामा राखेर उनीहरूको विशेष आवश्यकता र संरक्षणको प्रवन्ध गर्नुपर्दछ र विषयगत क्षेत्रको पूर्वतयारी पनि यसै अनुरुप गर्नुपर्दछ ।

बाढी तथा भूकम्प जस्ता विपद्को अवस्थामा सडकहरू अवरुद्ध हुन्छन् । विद्युत र सञ्चार संरचनाहरूमा क्षति भएर सेवा अवरूद्ध हुन पुग्छ । यस नगरपालिकामा पनि दर्जनौं विद्यालयहरु विपद्को जोखिममा छन् सडक, पुल, स्वास्थ्य चौकी, विद्युत पोल, तथा हजारौं बिघा खेतीयोग्य जमिन जोखिममा रहेको देखिन्छ । खोज उद्धारका लागि सूचना आदान प्रदानमा समस्या हुन्छ । सडक अवरूद्ध हुँदा घाइतेहरूको उद्धार र उपचारमा समस्या हुनका साथै मानवीय सहायता सामग्रीहरू प्रभावित समुदायसम्म पुऱ्याउन र सहायताकर्मीहरू त्यहाँ पुग्न नसक्ने अवस्था आउँछ । भूकम्पको समयमा घरहरू ध्वस्त हुन्छन । भूकम्प, बाढी तथा डुवानको समयमा ठूलो जनसङ्ख्या विस्थापित हुने हुँदा बसोबासको प्रवन्ध गर्नुपर्ने हुन्छ । महामारीजन्य विपद् छिटो फैलनुका साथै मानव स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने हुँदा दैनिक जनजीवन नराम्ररी प्रभावित हुन पुग्छ । यस्तो परिस्थितिमा सकेसम्म तत्काल र प्रभावकारी रूपमा संकट व्यवस्थापन तथा मानवीय सहायतामा जुट्नु, संक्रमित एवम् घाइतेहरूको तत्काल उद्धार गरी जीवन रक्षाको लागि उपचारको प्रवन्ध गर्नु, प्रभावित तथा विस्थापितहरूलाई मानवीय सहायता उपलब्ध गराउनु र जनजीवन क्रमश: सामान्य अवस्थामा ल्याउन पहल गर्नु नगरपालिकाको प्राथमिक दायित्व हो । यसको लागि पर्याप्त पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न यो योजना तयार गरिएको हो ।

## २.६ नगरपालिकाको कानूनी, नीतिगत एवं संस्थागत क्षमता विश्लेषण

विपद्को प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू सञ्चालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, सूचना व्यवस्थापन र पूर्व सूचना प्रणाली, पूर्वाधार, भौतिक श्रोत साधन, प्राकृतिक श्रोत, सामाजिक श्रोत, आर्थिक श्रोत र मानवीय श्रोतको विद्यमान अवस्थाको लेखाजोखा र नगरपालिकाको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि यी आठ वटै क्षेत्रमा गर्नुपर्ने आवश्यकताको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

तालिका २.७: नगरपालिकाको कानूनी नीतिगत एवं संस्थागत क्षमता

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| कानून, नीति, योजना | • नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तयार नभएको<br>• विपद व्यवस्थापन कोष स्थापना भएर बजेट समेतको प्रवन्ध भए पनि राहत कोष सञ्चालन कार्यविधि तयार नभएको<br>• राहत सम्बन्धी स्थानीय मापदण्ड नबनेको<br>• नगरपालिकाको आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन नभएको<br>• नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बन्ने क्रममा भएको | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति र कार्ययोजना बनाउनुपर्ने<br>• जोखिम सूचूचित क्षेत्रगत विकास योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्ने<br>• नगरपालिकाको बहुप्रकोप नक्शांकन तथा जोखिम विश्लेषण तयार गर्नु पर्ने<br>• नगरपालिका जोखिम सुसूचित भू-उपयोगको नक्शांकन तथा योजना तयार गरी जमीनको वर्गीकरणको आधारमा बस्ती विकास तथा विकास निर्माणको काम गर्ने<br>• नगरपालिकामा मानवीय सहायता तथा आपत्कालीन प्रयोजनका लागि खुला स्थान पहिचान, नक्सांकन एवं संरक्षण गर्नु पर्ने |
| संस्था तथा संरचना | • स्थानीय विपद् व्यवस्थापन समिति पुनर्गठन भएको<br>• वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भइनसेकेको<br>• नगरपालिकाको विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोकिएको<br>• स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र | • खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यदल गठन गर्नुपर्ने<br>• वडा स्तरीय विपद् व्यवस्थापन समिति पुर्नगठन गरी सक्रिय वनाउनुपर्ने<br>• वडा तहमा विपद् तथा जलवायु सूचना केन्द्र स्थापना गर्नुपर्ने<br>• स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र |

| | | |
|---|---|---|
| | स्थापना नभएको | स्थापना गरी सञ्चालन गर्नुपर्ने |
| सूचना व्यवस्थापन तथा पूर्व सूचना प्रणाली | • नगरपालिकाको विपद् सूचना र अन्य सूचना समेत व्यवस्थित रूपमा नराखिएको<br>• नगरपालिकाको पश्वचित्र तयार नभएको<br>• नगरपालिकाको वेबसाइट अपडेट नगरिएको र सामग्रीहरू नराखिएको<br>• आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना नभएकोले विपद् सूचना व्यवस्थापन तथा विपद् सञ्चार सम्बन्धी कुनै पद्धति तयार नभएको | • स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन गरी विपद् सम्बन्धी सूचना सङ्कलन व्यवस्थापन र विपद् सञ्चार प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने<br>• नगरपालिकाको डिजिटल प्रोफाइल तयार गरी विपद् सम्बन्धी तथ्याङ्क समेत एकीकृत गर्नुपर्ने<br>• संघीय सरकारले सञ्चालन गरेको विपद् व्यवस्थापन प्रणाली विपद् पोर्टल (bipadportal) लाई स्थानीयकरण गरी सञ्चालन एवं जिल्ला, प्रदेश र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग नेटवर्किङ गर्नुपर्ने |
| पूर्वाधार तथा भौतिक श्रोत साधन | • नगरपालिकामको सबै ठाउँमा सडक पुगेको<br>• सबै वडामा विद्युत पुगेको<br>• सबै वडा र घरधुरीमा खानेपानी नपुगेको<br>• सबै वडा र घरधुरीमा सरसफाइ सुविधा पुगेको<br>• विद्यालय भवन सुरक्षित नरहेको (जम्मा २५ वटा विद्यालय रहेको यस गौडैता नगरपालिकामा नयाँ निर्माण भएका भवनहरू भूकम्प प्रतिरोधी रहेता पनि पुराना भवनहरू जोखिममा रहेका छन्)<br>• स्वास्थ्य संस्था - १३ वटा | • आपत्कालीन आश्रयस्थल बनाउन सकिने सामुदायिक भवन तथा खुला ठाउँमा सडक खानेपानी र सरसफाइ पूर्वाधार निर्माण गर्नुपर्ने<br>• सबै वडामा आपत्कालीन प्रयोजनका लागि खुला क्षेत्रको पहिचान र पहिचान गरिएका ठाउँहरूमा आवश्यक पूर्वाधार तयार गर्नुपर्ने<br>• सबै वडामा आपत्कालीन प्रयोजनका लागि एक एक वटा हेलिप्याड निर्माण गर्नुपर्ने<br>• स्वास्थ्य संस्था तथा विद्यालयहरूलाई क्रमश विपद् जोखिमबाट सुरक्षित बनाउँदै जानुपर्ने (रेट्रो फिटिङ्ग गर्नु पर्ने विद्यालय तथा स्वास्थ्य चौकीको अभिलेख राख्न पर्ने)<br>• प्रत्येक वडामा सामान्य खोज उद्धारका सामग्रीहरूको सेट तयारी राख्नुपर्ने |
| प्राकृतिक श्रोत | • खेतीयोग्य जमिनः ४,८३१.३९ हेक्टर<br>• नदीनाला - प्रशस्त रहेको<br>• यस नगरपालिकामा वनक्षेत्र लगभग नभएको | • पानीका मुहान ताल पोखरी संरक्षण गर्नुपर्ने<br>• खुल्ला पोखरी भएका स्थलमा उचित सुरक्षाको व्यवस्था मिलाउनु पर्ने |
| सामाजिक श्रोत | • आमा समूह - ९१ वटा<br>• बाल क्लव -४५ वटा<br>• सामुदायिक भवन- ३३ वटा | • सामाजिक संस्था तथा श्रोतहरूलाई विपद् न्यूनीकरण तथा पूर्वतयारीमा संलग्न गराउने र परिचालन गर्ने नीति कार्यक्रम बनाउनुपर्ने<br>• सामाजिक तथा सामुदायिक संस्थाहरूको संयन्त्र बनाई उनीहरूको श्रोतलाई एकीकृत परिचालन गर्नुपर्ने<br>• सामाजिक तथा सामुदायिक संस्थाहरूको विपद् व्यवस्थापन तथा प्रतिकार्य क्षमता बढाउनुपर्ने |
| आर्थिक श्रोत | • बैंक - २ वटा<br>• सहकारी - १३ वटा<br>• नगरपालिकाको विपद् व्यवस्थापन कोष रहेको | • नीति तथा प्रक्रिया तय गरी आर्थिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने र श्रोत परिचालन गर्नुपर्ने<br>• सहकारी संस्था तथा बचत समूहले आफ्ना सदस्यहरूका लागि आपत्कालीन सहायता |

| | | |
|---|---|---|
| | | कोषको प्रवन्ध गर्नुपर्ने<br>• बीमा कम्पनीहरूसँग समन्वय गरी विपद् बीमाको शुरूवात तथा प्रवर्धन गर्नुपर्ने<br>• विपद् कोष सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने |
| मानवीय श्रोत | • प्राथमिक उपचारक -६९ जना<br>• स्वास्थ्य जनशक्ति (विभिन्न तहका) - ६९ जना<br>• उद्धार तथा सुरक्षा कर्मी - ४० जना<br>• भूकम्प प्रतिरोधी घर बनाउन सक्ने मिस्त्री - पर्याप्त<br>• अस्थायी आवास निर्माण गर्न सक्ने जनशक्ति- पर्याप्त<br>• विपद् सम्बन्धी तालिम दिनसक्ने- संस्थागत रूपमा २-३ जना (RRPK) | • नगरपालिकामा रहेको जनशक्तिलाई संगठित रूपमा विपद् प्रतिकार्य र पूर्वतयारीमा परिचालनको लागि तयारी गर्नुपर्ने<br>• भूकम्प प्रतिरोधी घर बनाउन सक्ने जनशक्तिलाई संगठित गरी क्षमता अभिवृद्धि गर्ने<br>• वडा तहमा विपद् प्रतिकार्य टोली तयार गरी तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्नुपर्ने<br>• वडा तहमा स्वास्थ्य संस्थासँग समन्वय गरी प्राथमिक उपचार टोली तयार गर्नुपर्ने<br>• विपद् लेखाजोखा गर्नसक्ने जनशक्ति वडा तहमा तयार गर्नुपर्ने |

*श्रोतः गोडैता नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७९*

## २.७ विषयगत क्षेत्रको गठन तथा कार्य जिम्मेवार

सरकारी, सार्वजनिक तथा नीजि क्षेत्रको स्रोत साधन तथा सम्बन्धित क्षेत्रको विज्ञतालाई समेत समन्वयात्मक रूपमा परिचालन गरी विपद् प्रतिकार्य तथा पूर्वतयारीलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय स्तरमा विषयगत क्षेत्र (Cluster) को अभ्यास हुँदै आएको छ । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ ले पनि विपद् प्रतिकार्यका लागि ११ वटा केन्द्रीय विषयगत क्षेत्र (Central Cluster) निर्धारण गरेको छ । यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ -२०३० ले राखेको संघ, प्रदेश र स्थानीय तहसम्म क्षेत्रगत कार्य समूहको अवधारणा (Cluster Approach) को आधारमा विपद् प्रतिकार्य र पूर्वतयारीलाई प्रभावकारी बनाउने रणनीति क्रियाकलाप राखेको छ । यस सन्दर्भमा गोडैता नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि स्थानीय आवश्यकता र नगरपालिकाको संस्थागत संरचना अनुसार आठवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । उक्त विषयगत क्षेत्रको गठन र कार्य जिम्मेवारी देहाय बमोजिम रहको छ ।

तालिका २.८: गोडैता नगरपालिकाको आपत्कालीन विषयगत क्षेत्र र यसको नेतृत्व

| क्रसं | विषयगत क्षेत्र | नेतृत्व |
|---|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार | नगर प्रमुख - नगर विपद् व्यवस्थापन समिति |
| २ | खाद्य, कृषि तथा जीविकोपार्जन | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ३ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण | संयोजक - सामाजिक विकास समिति |
| ४ | खानेपानी सरसफाइ तथा स्वस्थता प्रवर्द्धन | संयोजक - सामाजिक विकास समिति |
| ५ | आपत्कालीन आश्रयस्थल तथा गैर खाद्य सामग्री एवं बन्दोबस्ती | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ६ | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास समिति |
| ७ | आपत्कालीन शिक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास समिति |

| ८ | शिघ्र पुनर्लाभ विषयगत क्षेत्र | संयोजक - पूर्वाधार विकास समिति |
|---|---|---|

### *२.७.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र*

गोडैता नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति आउनासाथ तत्काल प्रतिकार्यमा जुटेर मानवीय जीवन रक्षा तथा सम्पत्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि नगर विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व नगर प्रमुखले गर्नुपर्दछ । विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै नगरपालिका मातहतका स्रोत साधन र सबै संयन्त्रहरू प्रतिकार्यका लागि परिचालन गर्नुपर्दछ भने अर्कोतिर विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि नगरपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरूसम्म समन्वय गर्नुपर्दछ । विपद् पूर्वतयारीका लागि सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने तथा विपद्को समयमा विपद् प्रभावित समुदायमा तुरून्त खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरूको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने र यसको लागि समयमै आवश्यक पूर्वतयारी गर्ने समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न विपद्सँग सम्बन्धित र अन्य सामाजिक आर्थिक तथ्याङ्कको आवश्यकता पर्दछ । अझ विपद् पश्चात खोज उद्धार राहत र प्रतिकार्यका कामहरू अघि बढाउन विपद्को सामान्य तथा विषयगत क्षतिको तथ्याङ्क आवश्यक पर्दछ । यस विषयगत क्षेत्रले विपद्को क्षति तथा नोक्सानीको लेखाजोखा गर्ने यी सूचनाहरूलाई व्यवस्थापन गर्ने र सबै विषयगत क्षेत्रका विवरणहरू सम्बन्धित क्षेत्रलाई उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्दछ । वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र स्थानीय सुरक्षा निकायसँग समन्वय गरेर प्रारम्भिक द्रुत लेखाजोखा गरी तत्काल विपद्को क्षतिको सूचना संकलनको लागि संयन्त्र विकास गर्ने । क्षतिको प्रारम्भिक लेखाजोखा तथा क्षेत्रगत आवश्यकता लेखाजोखा गर्न गृह मन्त्रालयले तयार गरेको विपद् लेखाजोखा मार्गदर्शनको आधारमा आवश्यक फारम तयार गर्ने र तालिम दिई जनशक्ति तयार गर्ने । क्षतिको लेखाजोखाको आधारमा प्रभावितहरूको वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । विपद्का सूचनाहरू नगर आपत्कालीन कार्य सञ्चालन केन्द्रमा व्वस्थापन गर्ने र निर्धारित प्रक्रिया बमोजिम जिल्ला, प्रदेश तथा केन्द्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा पठाउने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो ।

यस विषयगत क्षेत्रको नेतृत्व नगर प्रमुखले गर्दछन् । नगरपालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै विषयगत क्षेत्रका संयोजकहरू यसमा सदस्य रहन्छन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले यस विषयगत क्षेत्रको सदस्य सचिवको रूपमा काम गर्दछन् । सबै स्थानीय सुरक्षा निकायका प्रतिनिधिहरू, नेपाल रेडक्रस सोसाइटी लगायत विपद् लेखाजोखा क्षेत्रमा अनुभव भएका र स्वयम् सेवक परिचानल गर्ने क्षमता भएका स्थानीय संघ संस्थाहरू यस विषयगत क्षेत्रमा सदस्यका रूपमा रहन्छन ।

### *२.७.२ खाद्य, कृषि तथा जिविकोपार्जन विषयगत क्षेत्र*

नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावितहरूलाई तत्काल खानेकुरा उपलब्ध गराउने, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि तथा जीविकोपार्जन क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने तथा कृषि क्षेत्रको पुनर्स्थापन तथा पुनर्लाभ योजना बनाई कार्यान्वयन गर्ने जिम्मेवारी निर्वाह गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्दछन् भने कृषि विकास अधिकृत सदस्य सचिवको रूपमा रहन्छन् ।

### २.७.३ प्राथमिक उपचार स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाइतेहरूको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ । त्यसपछि गम्भीर प्रकृतिका घाइतेहरूको लागि थप उपचारको प्रवन्ध गर्नु पर्दछ । प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा रोकथाम तथा व्यवस्थापनमा स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका हुन्छ । विपद् प्रभावित समुदायका बालबालिका, बृद्धबृद्धा, गर्भवती तथा दुध खुवाउने आमाहरूको लागि थप पोषणयुक्त खानाको आवश्यकता पर्दछ । नगरपालिकाको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार, स्वास्थ्य सेवा,न्युनतम तथा बृहत प्रजनन स्वास्थ्य सेवा तथा परिवार नियोजन सेवा, लैंगिक तथा यौन हिंसाको स्वास्थ्य प्रतिकार्य र पोषणको प्रवन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । साथै यस विषयगत क्षेत्रले कोभिड-१९ जस्ता महाव्याधीको संक्रमण, स्वास्थ्य संकटको रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा रहेका स्वास्थ्य संस्था एवं अस्पतालहरू र स्वास्थ्य तथा पोषणको क्षेत्रमा काम गर्ने सबै संघसंस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रको सदस्यको रूपमा रहन्छन् ।

### २.७.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथा सरसफाइका पूर्वाधारहरूमा क्षति पुग्छ । विस्थापितहरूले आश्रय लिएको आश्रयस्थलमा खानेपानी र सरसफाइको उचित र पर्याप्त प्रवन्ध गर्नु पर्दछ । विपद्पछि सरसफाइ र स्वच्छताको उचित प्रवन्ध नभएमा विभिन्न महामारी फैलिन सक्छ । विपद् प्रभावितहरूको लागि सुरक्षित र पर्याप्त खानेपानी तथा सरसरफाइको व्यवस्था गर्नु, विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टिन र आइसोलेसन केन्द्रहरुमा खानेपानी एवम् सरसफाइको प्रवन्ध तथा स्वच्छता प्रवर्धन गर्नु, प्रभावितहरूको लागि मापदण्ड अनुसारको सरसफाइ तथा स्वच्छता प्रवर्धनका सामग्रीहरूको सुनिश्चित गर्नु, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाइ गर्नु, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्नु, व्यक्तिगत सरसफाइको लागि स्वच्छता सम्बन्धी सर-सामानहरू (जस्तैः हाईजिन किट,पियुष, क्लोरिन, डस्टविन, आदि) उपलब्ध गराउनु, विपद्बाट क्षति भएका खानेपानी तथा सरसफाइका पूर्वाधारहरू पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने खानेपानी तथा सरसफाइ शाखा प्रमुखले सदस्य सचिवको रूपमा काम गर्दछन् । खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको क्षेत्रमा काम गर्ने सबै संघसंस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.७.५ आपत्कालीन आश्रय स्थल तथा गैर खाद्य सामग्री एवं बन्दोवस्ती विषयगत क्षेत्र

नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नको लागि आश्रयस्थलको प्रवन्ध मिलाउने ओढ्ने ओछ्याउने लगायतका गैर खाद्य सामग्री एवम् लगाउने कपडाको व्यवस्था गर्ने । महामारीजन्य स्वास्थ्य संकटको समयमा क्वारेन्टिन एवम् आइसोलेसन केन्द्रको व्यवस्थापन गर्ने, खोज उद्धार, राहत एवम् स्वास्थ्य सामग्रीहरूको खरिद तथा भण्डारण एवम् ढुवानीको प्रवन्ध गर्ने, विपद् लेखाजोखा लगायतका कामको लागि आवश्यक बन्दोबस्त मिलाउने यस विषय क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रूपमा रहन्छन् ।

### २.७.६ *आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र*

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अभिभावक गुमाउँछन् । यस्तो अवस्थामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा लैंगिक अल्पसंख्यक माथि हिंसाको जोखिम बढ्छ । संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रले विपद्को समयमा महिला, किशोरी, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, डिग्निटि किट, किशोरी किट, परिवार नियोजन सामग्री, अस्थाई (वाल/ महिला मैत्री) शौचालयको व्यवस्थापन, खेलकुदका सामान आदि उपलब्ध गराउने,लैंगिक हिंसा रोकथाम र व्यवस्थापन, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरू, लैंगिक हिंसा प्रभावितहरुलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा रहेका संरक्षण तथा सुरक्षा क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.७.७ *आपत्कालीन शिक्षा विषयगत क्षेत्र*

विपद्को घटना पछि धेरै परिवारहरू र बालबालिकाले अभिभावक गुमाउँछन् । यस नगरपालिकामा धेरै विद्यालयहरू बाढी, भूकम्प, आगलागी, चट्याङ् जस्ता प्रकोपको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । कोभिड-१९ को महामारीको कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाई निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाईको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनर्स्थापन र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत विपद् सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा शिक्षा क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.७.८ *शीघ्र पुनर्लाभ विषयगत क्षेत्र*

यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन,स्वास्थ्य संस्था) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्दछ । विपद् पश्चात विस्थापितहरूलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाइ लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनाको चरणमा स्थायी संरचनाहरू पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ । आपत्कालीन अवस्थामा पूर्वाधार क्षति भएर आवतजावत अवरूद्ध भएमा सेवा सुचारू गर्नका लागि तत्काल अस्थायी पूर्वाधार तयार गर्ने । प्रभावित समुदायसम्म राहत तथा प्रतिकार्यको पहुँच सहज बनाउन तत्काल अस्थायी पूर्वाधारहरूको विकास गर्ने । नगरपालिकाले पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् जोखिमका हिसाबले सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक खानेपानी तथा सरसफाइका पूर्वाधारहरू तयार तथा अत्यावश्यक स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा मनोविमर्श सेवा सुनिश्चित गर्ने । विपद्का कारण क्षति भएका संरचनाहरूको पुननिर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित र स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । विपद्को प्रकृति र प्रभाव हेरी यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अवस्थादेखि पुनर्निर्माणको काम नसकिँदासम्म चल्न सक्छ र विपद् व्यवस्थापनका चारबटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्दछन् भने पूर्वाधार विकास शाखा प्रमुख यसको सदस्य सचिवको रूपमा रहन्छन् ।

# परिच्छेद ३: पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३ १ सामान्य पूर्वतयारी योजना.

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रूपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन तथा औजार उपकरणको बन्दोबस्त, योजना निर्माण, सीप विकास, औषधी तह अत्यावश्यक सामग्रीहरुको पूर्व भण्डारण, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् । विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रूपमा आठवटै विषयगत क्षेत्रको सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ ।

### *३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना तयार गरी लागू गर्ने | २०७९ चैत्र | नगरपालिका | १ | स्थानीय विपद् व्यवस्थापन समिति |
| २. | नगरपालिकामा नगर आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गर्ने | २०७९ चैत्र | नगरपालिका | | स्थानीय विपद् व्यवस्थापन समिति |
| ३. | नगर आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सञ्चार एवम् खोज उद्धार तथा प्राथमिक उपचार सामग्रीको प्रवन्ध गर्ने | २०७९ चैत्र | नगरपालिका | | स्थानीय विपद् व्यवस्थापन समिति |
| ४. | नगरपालिकाका सबै वडामा समुदायमा आधारित खोज उद्धार कार्यदल गठन गर्ने | २०७९ चैत्र | नगरपालिका | | स्थानीय विपद् व्यवस्थापन समिति |
| ५. | जिल्ला, प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल विकास गरि सञ्चालन गर्ने | २०७९ चैत्र | नगरपालिका | | स्थानीय विपद् व्यवस्थापन समिति |
| ६. | विपद्को क्षति/नोक्सानी मूल्याङ्कनको लागि क्षति लेखाजोखा टोलीलाई प्रारम्भिक द्रुत लेखाजोखा (IRA- Initial Rapid Assessment) तालिम आयोजना गर्ने | प्रत्येक वर्ष बैशाख भित्र | नगरपालिका | नगरपालिका स्तरमा १ र हरेक वडामा १/१ | नगर र वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ७. | विपद् पश्चातको आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत आकलन प्रणाली प्रक्रिया तयार गर्ने | २०७९ चैत्र | नगरपालिका | | विपद् व्यवस्थापन शाखा |
| ८. | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष बैशाख भित्र | नगरपालिका | १०० प्रति | स्थानीय विपद् व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | प्रकोपको प्रकृति अनुसार सामुदायिक खोज तथा उद्धारका लागि टोली गठन गर्ने | २०७९ चैत्र | वडा तहमा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति, खोज उद्दार विषयगत क्षेत्र |
| १०. | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष बैशाख भित्र | वडा तहमा | हरेक वडामा एक | स्थानीय विपद् व्यवस्थापन समिति, खोज उद्दार विषयगत क्षेत्र |
| ११. | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, तथा मर्मत गरी तयारी अवस्थामा राख्ने | नियमित | नगरपालिका | हरेक वडामा कम्तिमा एक सेट | नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति |
| १२. | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | नियमित | नगरपालिका | सबै वडामा | विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा |
| १३. | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने, गराउने | २०८० जेठ | सबै सम्बन्धित संस्थाहरु | आवश्यकता अनुसार | सम्बन्धित कार्यालय |
| १४. | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि नगरमा खुल्ला क्षेत्र पहिचान गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने | तत्काल सुरु गरी निरन्तर | आवश्यकता अनुसार | प्रत्येक वडामा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय |
| १५. | आपत्कालीन अवस्थामा आश्रय स्थलका रूपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | आवश्यकता अनुसार | प्रत्येक वडामा बम्तिमा १ | पूर्वाधार विकास शाखा, वडा विपद् व्यवस्थापन समिति, |
| १६. | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन / आइसोलेसन सेन्टर मा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान / निर्माण गर्ने | नियमित | वडा स्तरमा | प्रत्येक वडामा कम्तिमा १ | पूर्वाधार विकास शाखा, वडा विपद् व्यवस्थापन समिति, |
| १७. | बाढी, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | एफ.एम, पत्रपत्रिका, माईकिङ् आदि | वर्षमा कम्तिमा २ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, |
| १८. | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रत्येक वर्ष माघ र जेठमा | नगरपालिका तथा वडामा | वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १९. | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी जिल्ला, प्रदेश र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको विपद् सूचना व्यवस्थापन प्रणालीसँग जोड्ने | निरन्तर | नगरपालिका | निरन्तर | स्थानीय विपद् व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष बैशाख सम्म | नगरपालिका | प्रत्येक वर्ष | स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.१.२ खाद्य, कृषि तथा जिविकोपार्जन क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | विपद्को अवस्थामा कम्तिमा ५०० घरधुरी तथा २५०० जनसंख्याको लागि खाद्यान्न आपूर्तिका गर्न सक्ने सम्भाव्य स्थानीय व्यापारी पहिचान गरी करार सम्झौता गर्ने | निरन्तर | नगरपालिका | वर्षको १ वा २ पटक | खरिद शाखा, कृषि शाखा |
| २. | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी स्थानीय पसलहरू पहिचान गर्ने वा करार सम्झौता गर्ने | प्रत्येक वर्ष जेठभित्र | नगरपालिका | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | खरिद शाखा, कृषि शाखा |
| ३. | विपद्बाट हुने बाली तथा पशु क्षतिको लागि कार्यबिधि बनाइ आपत्कालीन बीमा कार्यक्रम संचालन गर्ने | २०८० जेठ | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति, कृषि शाखा |
| ४. | विपद् लेखाजोखा टोलीलाई खाद्य कृषि तथा जीविकोपार्जन क्षेत्रको विपद् सूचना संकलनको सम्बन्धी तालिम दिने | २०८० जेठ | नगरपालिका | | विपद् व्यवस्थापन शाखा, कृषि शाखा |
| ५. | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका-प्रक्रिया बारे विषयगत क्षेत्रका सदस्यहरूबीच छलफल गरी कार्यविधि तयार गर्ने | प्रत्येक वर्ष जेठभित्र | वडास्तर | कम्तिमा १ पटक | विपद् व्यवस्थापन शाखा सबै विषयगत क्षेत्र |

### ३.१.३ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | नगरपालिकाकामा सबै स्वास्थ्य संस्थाहरूमा आपत्कालीन प्राथमिक उपचार तथा स्वास्थ्य सेवाका लागि औषधिको बफर स्टक (Buffer Stock) राख्ने र औषधिको म्याद अनुसार पुनर्भरण योजना बनाउने | हरेक महिना, औषधिको गुण अनुसार | स्वास्थ्य संस्था | कम्तिमा २००० जनाको लागि | स्वास्थ्य शाखा, स्वस्थ्य संस्थाहरु |
| २. | नगरपालिकाकामा रहेका सबै स्वास्थ्य संस्थालहरुको आपत्कालीन योजना तयार | तत्काल | स्वास्थ्य | सबै स्वास्थ्य | नगर स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने गराउने | | संस्था | संस्थाहरु | |
| 3. | नगरपालिकाका सबै वडामा स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था |
| 4. | प्रतिकार्यका लागि आवश्यक नगरपालिकामा उपलब्ध प्राथमिक उपचारक र स्वास्थ्यकर्मीको सूची तयार तथा अद्यावधिक गर्ने | २०८० बैसाख | नगरपालिका | उपलब्ध भए अनुसार | स्वास्थ्य शाखा |
| 5. | नगरको स्वस्थ्य संकट सम्बन्धी विवरण स्वास्थ्य पाश्वचित्र र नगर आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अद्यावधिक गर्ने प्रवन्ध गर्ने | २०८० जेठ | नगरपालिका | १ | स्थानीय विपद् व्यवस्थापन समिति |
| 6. | महामारीजन्य स्वास्थ्य संकटको समयमा नगरपालिकाको सेवा सञ्चालन सम्बन्धि स्वास्थ्य प्रोटोकल तयार गर्ने | तत्काल | नगरपालिका | १ | स्वास्थ्य शाखा |
| 7. | स्वास्थ्य संकटको समयमा नगरपालिकको स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी कार्यविधि तयार गर्ने | २०80 चैत्र | नगरपालिका | 1 | स्वास्थ्य संस्थाहरु |
| 8. | महामारीको समयमा जनस्वास्थ्य सेवा (पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन) उपलब्ध गराउने कार्यविधि तयार गर्ने | २०७९ चैत्र | नगरपालिका | 1 | स्वास्थ्य शाखा |
| 9. | यौन तथा प्रजनन् स्वास्थ्यका लागि न्युनतम प्रारम्भिक सेवाको प्रभावकारी कार्यान्वयनको निम्ति संयोजक तथा समुदायलाई यौन तथा प्रजनन् स्वास्थ्य सेवाको उपलब्धता र सेवा पाईने ठाउँको जानकारी वा प्रचार प्रसार गर्ने | जेठ भित्र | वडा स्तरमा | प्रत्येक वर्षमा १ पटक | महिला, जेष्ठ नागरिक तथा बालवालिका शाखा, स्वास्थ्य संस्था |
| 10. | स्थानीय स्वास्थ्य कर्मचारीलाई प्रजनन् स्वास्थ्यका लागि न्यूनतम प्रारम्भिक सेवा (MISP) (लैंगिक हिंसा रोकथाम र व्यवस्थापन, मातृ तथा नवजात मृत्यु रोकथाम र घटाउने, अनिच्छित गर्भधारणको रोकथाम, एचआईभी तथा यौनजन्य संक्रमण रोकथाम र घटाउने, बिपद तथा महामारीको अवस्था सामान्य हुनासाथ स्वास्थ्य संस्थाहरुबाट बृहत यौन तथा प्रजनन स्वास्थ्य सुचारु गर्न ) एवं यौन तथा प्रजनन स्वास्थ्य सामग्रीको अभिमुखिकरण गर्ने | चैत्र भित्र | नगरपालिका | प्रत्येक वर्षमा १ पटक | स्वस्थ्य शाखा, महिला, जेष्ठ नागरिक तथा बालबलिका शाखा |
| 11. | कोभिड-१९ महाव्याधी लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | नियमित | जोखिम युक्त बस्तीहरुमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा, स्वस्थ्य संस्थाहरु |
| 12. | विपद् पश्चात तत्काल आवश्यक पर्ने सामग्रीहरु भण्डारण गर्ने जस्तैः सेनिटरी प्याड, डिस्ट्रोई मसिन, स्वास्थ्य तथा प्रजन स्वास्थ्य सेवाका औषधीहरु, अस्थाई शौचालय आदि | नियमित, गुणस्तर अनुसार | नगरपालिका | ४०० जनाको लागि | स्वास्थ्य शाखा, |
| 13. | विपद्को समयमा आवश्यक पर्ने एम्बुलेन्स, शव बाहन आदिको सम्पर्क र चालकको फोन नं अध्यावधिक गर्ने | वर्षमा १ पटक | नगरपालिका | | स्वास्थ्य शाखा, विपद् व्यवस्थापन शाखा |
| 14. | महामारीजन्य विपद्को समयमा विद्यालय तथा शैक्षिक संस्था सञ्चालन सम्बन्धी प्रोटोकल तयार गरी विद्यालय सञ्चालनको प्रवन्ध गर्ने | २०७९ चैत्र | नगरपालिका | सबै शिक्षालय | शिक्षा विषयगत क्षेत्र |
| 15. | उपचारको लागि विरामी रेफर गर्नको लागि रेफरल पद्धति र रेफरल हस्पिटलको व्यवस्था गर्ने | तत्काल | नगरपालिका | | स्वास्थ्य संस्थाहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| 16. | अग्रपंक्तिमा काम गर्ने स्वास्थ्य तथा सुरक्षा कर्मीको लागि व्यक्तिगत सुरक्षाका सामग्रीहरूको प्रवन्ध गर्ने | तत्काल | नगरपालिका | | स्वास्थ्य संस्थाहरु |
| 17. | सबै कर्मचारीहरुलाई महामारी सुरक्षा प्रोटोकलको जानकारी गराउने | तत्काल | नगरपालिका | | स्वास्थ्य शाखा |
| 18. | नगपालिकामा बनाइएका आपत्कालीन आश्रयस्थलहरु महामारीको समयमा क्वरेन्टिन तथा आइसोलेसन केन्द्रको रूपमा संचालन गर्न सकिने गरी तयार गर्न सहयोग गर्ने | नियमित | वडाहरुरु | आवश्यकता अनुसार | अस्थायी आश्रयस्थल तथा बन्दोवस्ती क्षेत्र पूर्वाधार विकास शाखा |
| 19.. | महामारीको समयमा सार्वजनिक यातायात सञ्चालन सम्बन्धी प्रोटोकल तयार गर्ने | २०८० बैसाख | नगरपालिका | १ | यातायात कम्पनी तथा व्यवसायी समित |
| 20 | महामारीको समयमा आर्थिक क्षेत्र तथा बजार सञ्चालन सम्बन्धी प्रोटोकल तयार गर्ने | २०८० बैसाख | नगरपालिका | १ | उद्योग वाणिज्य संघ |
| २१. | स्वास्थ्य संकट तथा महामारी नियन्त्रण र व्यवस्थापन सम्बन्धि स्वस्थ्यकर्मी सुरक्षाकर्मी र द्रुत प्रतिकार्य टोलीलाई तालिम दिने | २०८० बैसाख | नगरपालिका | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरु |
| २२. | स्वास्थ्यकर्मी, महिला स्वस्थ्य स्वयम् सेविका र वडा स्तरीय कार्यदलका सदस्यहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने | नियमित | वडास्तर | १२ | स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी |

### *३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १.. | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष तथा पोर्टेबल फिल्टर जस्ता सामग्रीको उचित भण्डारण गर्ने | प्रत्येक वर्ष बैसाखभित्र | नगरपालिका | ६०० वटा वर्षमा १ पटक | खानेपानी तथा सरसफाई शाखा |
| २. | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने | प्रत्येक वर्ष बैसाखभित्र | नगरपालिका | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, |
| ३. | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने | नियमित | नगरपालिका | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा |
| ४. | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने | नियमित | वडा तथा समुदायमा | प्रत्येक वडा तथा समुदायमा | खापूर्वाधार विकास शाखा, वडा कार्यालय |
| ५. | विपद्को अवस्थामा खानेपानी प्रणाली सुधार गर्न आवश्यक सामग्री आपूर्तिका स्थानीय सम्भाव्य आपूर्तिकर्ता पहिचान गरी करार सम्झौता गर्ने | प्रत्येक वर्ष बैसाखभित्र | नगरपालिका | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समित, खरिद शाखा |
| ६. | विपद् लेखाजोखा टोलीलाई खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन क्षेत्रको विपद् सूचना संकलन सम्बन्धी तालिम दिने | प्रत्येक वर्ष बैसाखभित्र | नगरपालिका | आवश्यकता अनुसार | विपद् व्यवस्थापन शाखा |
| ७. | आपत्कालीन आश्रयस्थल वा आश्रयस्थल बनाउन पहिचान गरिएका खुला क्षेत्रमा खानेपानी आपूर्तिको स्रोत र आवश्यक सामग्रीको प्रवन्ध गर्ने | नियमित | वडा तथा समुदायमा | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, खानेपानी तथा सरसफाई शाखा, |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | रेडियो टिभी, पत्रपत्रिका र सामाजिक मिडिया मार्फत सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम प्रसारण गर्ने | नियमित | नगरपालिका | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, |
| ९. | खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अध्यावधिक राख्ने | नियमित | नगरपालिका | | खानेपानी तथा सरसफाई शाखा, |

### ३.१.५ आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्त गर्ने | नियमित | सबै वडामा | कम्तिमा १५ प्रतिशत जनसङ्ख्यालाई पुग्ने | स्थानीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा |
| २. | सम्भावित आपत्कालीन अवस्था आईपरेमा गैर खाद्य सामग्री तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने | आवश्यकता अनुसार | नगरपालिका | कम्तिमा ६०० परिवारका लागि | स्थानीय विपद् व्यवस्थापन खरिद शाखा, |
| ३. | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने | नियमित | सबै वडामा | कम्तिमा १५ प्रतिशत जनसङ्ख्यालाई पुग्ने | पूर्वाधार विकास शाखा, वडा विपद् व्यवस्थापन समिति |
| ४. | गैर खाद्य सामग्री सेटहरू खरिद गरी भण्डारण गर्ने | नियमित | नगरस्तर, गोदाम घरहरु | कम्तिमा ६०० परिवारका लागि | विपद् व्यवस्थापन शाखा, खरिद शाखा |
| ५. | अस्थायी आश्रय स्थल निर्माणको लागि स्थानीय सिकर्मी तथा डकर्मी पहिचान गरि टोली गठन गर्ने र दक्षता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने | प्रत्येक वर्ष जेठ भित्र | वडास्तर | हरेक वडामा | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ६. | पहिचान गरिएका खुल्ला स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक पूर्वाधार, खानेपानी, सरसफाइको प्रवन्ध तथा तत्काल टहरा बनाउन सक्ने व्यवस्था गर्ने | २०८० जेठ | नगरपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| ७. | नगरमा भएका हेभी इक्वीपमेन्ट, ढुवानीका साधनहरु तथा सवारी साधनहरुको लगत तयार गरी आपत्कालीन अवस्थामा प्रयोग गर्न निजी क्षेत्रसँग सम्झौता गर्ने | २०८० जेठ | नगरपालिका | १ | विपद् व्यवस्थापन शाखा, खरिद शाखा |

### ३.१.६ आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे स्थानीय कर्मचारी तथा जनप्रतिनिधिलाई जानकारी तथा अभिमुखीकरण गर्ने | नियमित | वडास्तर | कम्तिमा १ पटक | नगरपालिका, महिला तथा बालबालिका शाखा |
| २. | विपद्को समयमा हुनसक्ने महिला तथा बालबालिकाहरूको बेचबिखन तथा | नियमित | सिमाक्षेत्र | आवश्यकता | स्थानीय प्रशासन, नेपाल प्रहरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | ओसारपसार नियन्त्रण गर्न भारतीय सिमा नाकामा चेकपोष्ट स्थापनाको लागि समन्वय गर्ने | | | अनुसार | |
| ३. | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट, किशोरी किट, व्हिल चियर, वैशाखी, यौन तथा प्रजनन स्वास्थ्य सामग्रीको आदि) खरिद गरी भण्डारण गर्ने | नियमित | नगरपालिका | ३०० सेट | महिला तथा बालबालिका शाखा, |
| ४. | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने । | तत्काल | नगरपालिका | १ पटक | महिला तथा बालबालिका शाखा, |
| ५. | विद्यालयका शिक्षक र महिला स्वास्थ्य-स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने र प्रत्येक वडामा ५ जना सामान्य परामर्शदाता तयार गर्ने | प्रत्येक वर्ष १ पटक | वडास्तर | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट ४ जना महिला स्वास्थ्य-स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, |
| ६. | विपद्को समयमा परिचालन हुने विषयगत क्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने | जेठ भित्र | वडास्तरमा | प्रत्येक वर्ष एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| ७. | संरक्षण तथा लैंगिक हिंसामा काम गर्ने संस्था लगाएत अन्य संस्थासँग समन्वय गरेर स्थानीय समुदायलाई सचेतना कक्षा वा रेडियो/एफ.एम. मार्फत प्रचार प्रसार गर्ने | निरन्तर | वडास्तरमा | | महिला, जेष्ठ नागरिक तथा बालवालिका शाखा |
| ८. | यौन हिंसाबाट प्रभावित हुनसक्ने हरुलाई मध्यनजर गर्दै चिकित्सा सामग्री तयारी अवस्थामा राख्ने | बैसाखभित्र | नगरपालिका | प्रत्येक वर्ष एक पटक | महिला, जेष्ठ नागरिक तथा बालवालिका शाखा |
| ९. | यौन हिंसा प्रभावित व्यक्तिलाई बहुक्षेत्रगत सेवा उपलब्ध गराउन श्रोत जुटाउनको लागि समन्वय गर्ने | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, महिला, जेष्ठ नागरीक तथा बालबलिका शाखा |
| १०. | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे स्थानीय कर्मचारी तथा जनप्रतिनिधिलाई जानकारी तथा अभिमुखीकरण गर्ने | नियमित | वडास्तर | कम्तिमा १ पटक | नगरपालिका, महिला तथा बालबालिका शाखा |

*(नोटः मर्यादा सामाग्री आवश्यक सामग्री र गुणस्तर स्वस्थ्य शाखाले तोके बमोजिम हुनुपर्ने छ)*

## ३.१.७ आपत्कालीन शिक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | भूकम्प र हावाहुरीले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आकलन गर्ने | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २. | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने | २०८० जेठ | नगरपालिका | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ३. | विद्यालयहरूमा विपद् जोखिम लेखाजोखा गरी बृहत विद्यालय सुरक्षा कार्य योजना निर्माण गर्ने | २०८० जेठ | नगरपालिका | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ४. | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने | नियमित | नगरपालिका विद्यालयहरू | १ कार्यक्रम पाक्षिक रूपमा | स्थानीय विपद् व्यवस्थापन समिति, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५. | विद्यालयहरूमा भूकम्पीय तथा आगलागी सुरक्षा कृतिम घटना अभ्यास गर्ने | कम्तिमा वर्षको १ पटक | विद्यालयहरू | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ६. | सबै विद्यालयमा आपत्कालीन बहिर्गमन मार्ग तथा भेला हुने सुरक्षित स्थान पहिचान गर्ने | २०८० जेठ | | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ७. | बाढीबाट जोखिममा रहेका विद्यालयहरुमा प्राथमिक उपचार किट र खोज उद्धार सामग्री तयारी अवस्थामा राख्ने | नियमित | विद्यालयहरू | | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |
| ८ . | विपद्का कारण पढाई हुन नसक्ने स्थितिको निम्ति आपत्कालीन शिक्षा योजना तयार गरी अस्थायी सिकाई केन्द्रको व्यवस्थापन गर्ने | २०८० जेठ | वडास्तरमा | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ९.. | वैकल्पिक सिकाई सञ्चालनका लागि कार्यविधि र सामग्री तयारी अवस्थामा राख्ने | २०८० जेठ | नगरपालिका | | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| १०. | सबै विद्यालयहरूमा अस्थायी सिकाई केन्द्र सञ्चालनका लागि आवश्यक सामग्रीहरू तयारी अवस्थामा राख्ने प्रवन्ध गर्ने | २०८० जेठ | विद्यालयहरू | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ११. | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अद्यावधिक गर्ने | नियमित | नगरपालिका | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

### ३.१.८ पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, तथा शौचालयको व्यवस्था गर्ने | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय |
| २. | जोखिम संवेदनशील भू-उपयोग योजनाका आधारमा पूर्वाधार निर्माणका योजना तयार गर्ने | २०८० असोज | नगरपालिका | १ | पूर्वाधार विकास शाखा, नगरपालिका |
| ३. | पूर्ण रूपमा भवन आचार संहिता कार्यान्वयन भएको सुनिश्चित गर्ने गराउने | नियमित | नगरपालिका | १ | पूर्वाधार विकास शाखा, नगरपालिका |
| ४. | पहिचान गरिएका आपत्कालीन आश्रयस्थलमा अस्थायी आवास, सरसफाई, खानेपानी, सडक र विजुलीको पूर्वाधार तयार गर्ने | नियमित | नगरपालिका | | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५. | ग्रामीण सडक निर्माण जस्ता पूर्वाधार विकास गर्दा प्राविधिक र वातावरणीय अध्ययन अनुसार विपद् जोखिम नबढ्ने कुरा सुनिश्चित गर्ने | नियमित | नगरपालिका | | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ६. | संरचना तथा पूर्वाधारको पुनर्निर्माण "अझ राम्रो अझ" बलियोको मान्यता अनुरूप गर्ने | नियमित | नगरपालिका | | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ७. | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्नको लागि प्राविधिक टोली गठन तथा अभिमुखीकरण गर्ने | निरन्तर | वडास्तरमा | नगरपालिकामा एक र वडास्तरमा एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ८. | सम्भावित विपद्बाट पूर्वाधार एवं आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शीघ्र मूल्याङ्कनको लागि लेखाजोखा टोलीलाई प्रशिक्षण दिने | प्रत्येक वर्ष | नगरपालिका | एक पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रूपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन् ।

यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ। प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने क्रियाकलापहरूको योजना देहाय बमोजिम तर्जुमा गरिएको छ ।

### *३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत), प्रदेश र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट आदान प्रदान गर्ने | निरन्तर | नगरपालिका स्तर | दिनमा कम्तिमा १ पटक | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| २. | बाढी र हावाहुरी र खराब मौसमको सूचना प्राप्त हुना साथ नगर तथा समुदायलाई सतर्कता अपनाउन सूचना सम्प्रेषण गर्ने | पूर्वानुमान प्राप्त भए लगत्तै | नगर केन्द्रबाट समुदायसम्म पहुँच हुनेगरी | पूर्वानुमानको खवर पश्चात दिनमा कम्तिमा ३ पटक | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा वडा कार्यालय |
| ३. | विपद्बाट हुनसक्ने सम्भावना देखिएमा सबै विषयक्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरपालिका | सूचना प्राप्त भएपछि कम्तिमा एक पटक र आवश्यकता अनुसार | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ४. | पूर्वानुमान अनुसार वडास्तरीय समितिलाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | नगरपालिका स्तर | जोखिममा रहेका सबै समुदाय | स्थानीय तथा वडा विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ५. | खोज तथा उद्धार टोली र क्षतिको विवरण सङ्कलन टोलीलाई तयारी अवस्थामा राख्ने | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | नगरपालिका स्तर तथा वडा स्तर | वडास्तरमा | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालय |

### *३.१.२ खाद्य, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | खाद्य तथा कृषि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार थप | कृषि शाखा, |
| २. | भण्डारण वा स्थानीय ब्यापारीसँग करार सम्झौता गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गरी अद्यावधिक गर्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि एक पटक | कृषि शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | विपद् प्रभावित क्षेत्रमा खाद्य सामग्रीहरू ढुवानीका लागि आवश्यक श्रोत साधन तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.२.३ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात तत्काल | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | स्वास्थ्य शाखा र |
| २. | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधी तथा उपकरण निरिक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ३. | प्राथमिक उपचार र स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ४. | नगरपालिका मातहत रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरूको सेवा, वेड क्षमता अध्यावधिक गर्ने | तत्काल | नगरपालिका | सबै स्वास्थ्य संस्था | स्वास्थ्य शाखा |
| ५. | अग्रपंतिमा काम गर्ने स्वास्थ्य तथा सुरक्षा कर्मीको लागि व्यक्तिगत सुरक्षाका सामग्रीहरूको प्रवन्ध गर्ने | तत्काल | नगरपालिका | सवै स्वास्थ्य संस्था | नगरपालिका |
| ६. | सबै कर्मचारीहरुलाई सुरक्षा प्रोटोकलको जानकारी गराउने | तत्काल | नगरपालिका | आवश्यकतानुसार | नगर विपद् व्यवस्थापन समिति |
| ७. | महाब्याधिको समयमा बाहिरबाट आउने मानिसहरूलाई राख्न होल्डिङ् सेन्टर तथा क्वारेन्टिनको प्रवन्ध गर्ने | | नगरपालिका | आवश्यकता अनुसार | आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ८. | SRH tool को बारेमा जानकारी दिने र उक्त सामग्री भण्डारण गर्ने | निरन्तर | पालिका स्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, महिला, जेष्ठ नागरीक तथा बालवालिका शाखा |
| ९. | स्थानीय स्वास्थ्य कर्मचारीलाई प्रजनन् स्वास्थ्यका लागि न्यूनतम प्रारम्भिक सेवा सामग्री (MISP) को अभिमुखिकरण गर्ने | निरन्तर | पालिका स्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, महिला, जेष्ठ नागरीक तथा बालवालिका शाखा |

### ३.२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | सामाजिक विकास शाखा र विषयक्षेत्र |
| २. | खानेपानी शुद्धिकरणका लागि क्लोरिन, पियुष जस्ता औषधि तथा प्रविधिको निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | खानेपानी तथा सरसफाई शाखा र विषयक्षेत्र |
| ३. | सरसफाईका लागि परिचालन हुनु पर्ने जनशक्ति र उपकरणहरू तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.२.५ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| २. | आपत्कालीन आश्रय स्थलको निरिक्षण गरी तयारी अवस्थामा राख्ने | तत्कालै | वडास्तर | सम्भावित प्रकोप अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, वडास्तरीय समिति |
| ३. | अस्थायी आश्रय वा आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामग्री तथा औजारहरू निरिक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |

### ३.२.६ आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | संरक्षण तथा सुरक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा |
| २.. | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा आवश्यक पर्ने डिग्निटी किट, किशोरी किट, स्यानिटरी प्याड, ह्विल चियर, वैशाखी, लौरी आदि लगायतका सरसामानहरूको निरिक्षण गरी तैयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा |
| ४. | यौन हिंसाबाट प्रभावित हुनसक्ने हरुलाई मध्यनजर गर्दै चिकित्सा समग्री तयारी अवस्थामा राख्ने | निरन्तर | पालिका स्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, महिला, जेष्ठ नागरीक तथा बालवालिका शाखा |
| ५. | यौन हिंसा प्रभावित व्यक्तिलाई बहुक्षेत्रगत सेवा उपलब्ध गराउन | निरन्तर | पालिका | मुख्य प्रकोपको सम्भावित | स्थानीय विपद् व्यवस्थापन |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रोत जुटाउनको लागि समन्वय गर्ने | | स्तरमा | समय अगाडी कम्तिमा १ पटक | समिति, महिला, जेष्ठ नागरीक तथा बालवालिका शाखा |

### *३.२.७ आपत्कालीन शिक्षा विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | आपत्कालीन शिक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | शिक्षा शाखा र विषयक्षेत्र |
| २. | प्रभावित हुन सक्ने विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने | समन्वयात्मक बैठक पश्चात | विद्यालय स्तर | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा |
| ३. | विपद्को समयमा अपनाउनुपर्ने सावधानी र सुरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने | तत्काल | विद्यालय स्तर | सम्भावित प्रकोपको सिजन अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |
| ४. | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने (शिक्षक, विद्यार्थी तथा विधालय किटको व्यवस्थापन गर्ने) | तत्काल | नगरपालिका स्तर | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |

### *३.२.८ शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | शिघ्र पुनर्लाभ विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, पूर्वाधार विकास शाखा |
| २. | अत्यावश्यक सेवा सुचारू गर्नका लागि आवश्यक जनशक्ति, भण्डारण गरिएका सामग्री तथा उपकरणहरू निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका | सम्भावित प्रकोपको समय अनुसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा |
| ३. | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने। | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |

माथि उल्लेखित विषयक्षेत्र अन्तर्गत क्रियाशील रहेका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण अनुसूची-१० मा संलग्न गरिएको छ।

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

यस अन्तर्गत खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शिघ्र पुर्नलाभका कार्यहरू पर्दछन् । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरू समावेश गरिएका छन् । विपद् प्रतिकार्यका लागि गठित विषयगत क्षेत्रहरू परिचालन गर्न तपशील बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छ ।

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको प्रतिकार्य योजना

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| **० देखि २४ घण्टा** | १. | नगर विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | नगर विपद् व्यवस्थापन समिति |
| | २. | समन्वय खोज तथा उद्धार विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | नगर विपद् व्यवस्थापन समिति |
| | ३. | खोज उद्धार र सुरक्षाको लागि उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय / जिल्ला विपद् व्यवस्थापन समिति |
| | ४. | खोज तथा उद्धारका लागि आवश्यक सामग्री र यातायातको बन्दोबस्त गर्ने | बन्दोबस्ती विषयगत क्षेत्र |
| | ५. | घाइतेहरूको शिघ्र उद्धार गर्ने र बेपत्ताहरूको खोजी कार्यलाई तीव्रता दिने | सुरक्षा निकाय |
| | ६. | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | ७. | घाइतेहरूको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | स्वास्थ्य विषयगत क्षेत्र |
| | ८. | मृतकहरूको पहिचान गरी मुचुल्का गरेर शव आफन्तलाई जिम्मा लगाउने | वडा समिति |
| **२४ घण्टा देखि ७ दिन** | ९. | खोज उद्धार कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | १०. | २४ घण्टाको कामको समीक्षा गरी आवश्यकता अनुसार थप खोज उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | ११. | प्रभावितहरूको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १२. | आवश्यकता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १३. | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय |
| | १४. | विपद्को घटनाको प्रकृति हेरी आवश्यकता अनुसार जिल्ला प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| **७ दिनदेखि १ महिना** | १५. | आवश्यकता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १६. | विपदमा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लगत सङ्कलन गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | १७. | हराएका वा नष्ट भएका कागजातहरुको पुनर्निमार्ण तत्काल गर्ने | वडा कार्यालय |
| | १८. | विषय क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा विपदबाट भएको क्षतिको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

| | | | |
|---|---|---|---|
| | १९. | विपद् पश्चातको आवश्यकता लेखाजोखाको आधारमा नगरपालिकाको पुनर्निमाण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

### *३.३.२ खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको प्रतिकार्य योजना*

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| **० देखि २४ घण्टा** | १. | खाद्य तथा कृषि विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसङ्ख्याको आकलन गरी आवश्यक खाद्य सामग्रीको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २. | विस्थापित तथा प्रभावितहरूलाई तत्काल स्वच्छ र सुरक्षित पिउने पानी उपलब्ध गराउने | खोज उद्धार विषयगत क्षेत्र |
| | ३. | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामग्री उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| **२४ घण्टा देखि ७ दिन** | ४. | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) आधारमा अवस्था हेरी आगामी एक महिनाको लागि खाद्य आवश्यकताको आकलन गर्ने | विपद् लेखाजोखा टोली |
| | ५. | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ६. | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि आवश्यकता एवं न्यूनतम् मापदण्ड बमोजिम खाद्य उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| **७ दिन देखि १ महिना** | ७. | विस्थापित तथा प्रभावितहरुलाई खाद्य सामग्री आवश्यकता अनुसार खाद्य सामग्री निरन्तर उपलब्ध गराउने | |
| | ८. | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको समिक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने | |

